## पहिलो - परिच्छेद

# शोध परिचय

## १. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'अवान्तर कथा सङ्ग्रहको विधागत अध्ययन'** रहेको छ ।

## २. शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक, शास्त्रसङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षको दशौं पत्र पूरा गर्नु नै यस शोधपत्रको प्रयोजन रहेको छ ।

## ३. समस्याकथन

आधुनिक नेपाली कथाकार भवानी भिक्षुको तेस्रो चरणमा प्रकाशित 'अवान्तर' कथासङ्ग्रहमा केन्द्रित भएर यस कथा सङ्ग्रहभित्रको कथाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नका लागि यो शोधपत्र तयार पारिएको हो । यसका शोध्य समस्या निम्न प्रकारका छन् :

क) विधा तत्त्वका आधारमा 'अवान्तर' कथा सङ्ग्रहको विश्लेषण के कसरी गर्न सकिन्छ ?

ख) भिक्षुको अवान्तर कथा सङ्ग्रहका आधारमा के कस्तो प्रवृत्ति रहेको छ ?

ग) कथा तत्त्वको आधारमा अवान्तर कथा सङ्ग्रह के कस्तो छ ?

## ४. उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य 'अवान्तर' कथा सङ्ग्रहभित्रका कथाहरूमा केन्द्रित रही कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कनका साथै शैली, शिल्प एवं सङ्गठनात्मक स्वरूपको पहिचान गर्दै उक्त कथा सङ्ग्रहका कथाहरूको वैशिष्ट्य एवं मूल्यको खोजी गर्नुरहेको छ । यसका मुख्य उद्देश्यहरू निम्नलिखित छन् :

क) भवानी भिक्षुको अवान्तर कथा सङ्ग्रहका आधारमा प्रवृत्ति खोजी गर्नु ।

ख) कथागत तत्त्वका आधारमा 'अवान्तर' कथा सङ्ग्रहको अध्ययन गर्नु ।

ग) विभिन्न कथात्मक आधारमा अवान्तर कथा सङ्ग्रहको मूल्याङ्कन गर्नु ।

## ५. पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा साहित्यकारहरूको अध्ययन अनुसन्धान गर्ने परम्परा रही आएको छ । आधुनिक नेपाली साहित्यमा कथा विधामार्फत विशेष ख्याति कमाउने साहित्यकार भवानी भिक्षुको व्यक्तित्वको र कृतित्वका बारेमा अध्ययन, अनुसन्धान र विश्लेषण भएको छ । शोधपत्रको उद्देश्य 'अवान्तर' कथा सङ्ग्रहको कृतिपरक अध्ययन विश्लेषण र मूल्याङ्कन रहेको हुादा यस सङ्ग्रहभित्र भएका कथाहरूका सम्बन्धमा छिटफुट रूपमा के कति अध्ययन विश्लेषण र समीक्षा भयो ? त्यसको प्रस्तुति कालक्रम अनुसार गरिएको छ ।

**क) भवानी भिक्षु (अवान्तर कथासङ्ग्रह, २०३४, पृ.क)**

'कुनै कथा पुस्तक लेख्नु पर्‍यो भनेर सङ्कल्प गरी आसन जमाई कसिएर लेखिएका कथा यी होइनन् भनिएकै यी तत्काल क्षण र परिवेश हुन् । यसैले तिनमा पारस्पारिकताको सट्टा पारस्परिक विजातीयता प्रष्टै गरी परिलक्षित छ ।'

तत्कालिक क्षण र परिवेशबाट नै अवान्तरका कथाहरू जन्मिएको र कथामा पारस्पारिक मेल नखाने कुरा अवान्तरको शुरुमै भिक्षुले उल्लेख गरेका छन् लेखकको धारणाबाट अवान्तर सङ्ग्रहको अध्ययन अनुसन्धानमा सहयोग मिलेको छ ।उक्त सङ्ग्रहमा, 'एउटा छर्लङ्ग प्रेमकथा', 'एकपैसा', 'भ्रष्ट यज्ञ', 'ईश्वर, खुदा, गाडका कान', 'पाइप', 'ज्ञात भएजति', 'भालुका बच्चा : मानिसका बच्चा' (शिकार कथा) 'नयाा इतिहासको प्रारम्भ' गरी ८ वटा कथाहरू समावेश गरेका छन् । उनले यी कथाहरू लेख्न कुनै पूर्व तयारीका साथ लागेको नभई तत्कालको समय र परिवेशलाई आधार मानी लेखेको कुरा उनकै माथिको भनाइबाट स्पष्ट हुन्छ । उनले २००७ सालको क्रान्तिलाई आधार बनाई सोही समयमा लेखिएको कथा 'नयाा इतिहासको प्रारम्भ' उनको अन्तिम कथा सङ्ग्रह अवान्तरमा राखेको र पहिले राख्न नसक्नुको कारणलाई त्यतिखेरको राजनीतिक संकटतर्फ संकेत गरेका छन् ।

**ख) वासु रिमाल 'यात्री' ('भवानी भिक्षुका केही कथा एक चिन्तन'-उन्नयन अंक १०-२०४९ पृ. ३०)**

'कुनै नारी वेश्या बन्न चाहन्न उसलाई परिस्थितिले त्यो नर्कतिर धकेलिदिन्छ । युवती पराजित मनस्थिति लिएर बााच्न सकिन । त्यसैले वेश्यावृत्ति गर्दै उच्च शिक्षा समेत हासिल गर्छे र शारीरिक रूपमा आफूलाई भोगेर विजयी सम्झने पुरुषको पौरूषलाई मानसिक र बौद्धिक झटारो हानेर झारिदिन्छे ।'

रिमालले अवान्तरमा समावेश भएको 'पाइप' कथालाई संकेत गर्दै माथिको कुरा बताएका छन् । गरिब परिवारकी युवतीलाई धन दौलतको लोभ लालचाको जाल फिंजाएर आफ्नै  नातेदारबाट कुमारित्व लुटिन्छ र बारम्बार यौनशोषण गरिन्छ । त्यस्तो काम गर्न सकेकोमा पुरुष आफू विजयी मर्द ठान्दछ र गर्वले शिर ठाडो पार्दै हिंड्छ भने युवती पीडित हुन्छे । गरिबीका कारण आफू त्यस्ताको शिकार बन्न पुगेको कुरा महसुस गर्दै अशिक्षा र गरिबीलाई चिर्दै त्यस्ता कामुक प्रवृत्तिका नातेदार पुरुषलाई रिमालले भनेजस्तै मानसिक र बौद्धिक झटारो हान्ने पुरुषले बाध्यतावश सिकाएको यौन पेशा आगाल्दै काठमाडौंमा उच्च शिक्षा हासिल गर्छे र शिक्षित बनी कमाइ समेत गर्छे र परिवारको पालन पोषण गर्छे, शारीरिक रूपमा आफूलाई भोगेर गौरबको अनुभूति गर्ने पुरुषको पौरूषप्रति युवती मानसिक र बौद्धिक झटारो हान्न सफल भएको कुरा वासु रिमाल यात्रीको विश्लेषण रहेको छ । यात्रीको तर्क यथार्थ छ, किनभने युवती नचाहादा नचाहादै परिस्थितिले नै बाध्यतावश वेश्यावृत्तितिर धकेलिदिएको हो ।रिमालको माथिका भनाइहरूबाट अवान्तरको अध्ययन र सिद्धान्त निर्माणमा सहयोग मिलेको छ ।

**ग) मोहनराज शर्मा ('पाइपमा पात्र बुनोट, समकालीन समालोचना', उन्नयन-१०, २०४९, पृ. ३०)**

'युवती जस्ती देहव्यापार गर्ने नारीको संज्ञा र कोटी व्यभिचारिणी हुने तथ्य र उल्लेखले यसमा सामाजिक, राजनीतिक र सांस्कृतिक राजनीति पनि समाविष्ट छ भन्ने बुझाउाछ ।'

शर्माले अवान्तरकै पाइप कथासाग जोडेर उक्त कुराको विश्लेषण गरेको देखिन्छ । उनका अनुसार नारी त्यसै व्यभिचारिणी बन्दिन समाजमा टाठाबाठा बनेर बसेकाहरूले नै सामाजिक राजनीति गरेका हुन्छन् र नाराम्रा संस्कार बसाएका हुन्छन् । उनीहरूको सभ्य समाज निर्माण गर्ने चाहना हुादैन धनभएपछि जे पनि गर्न छुट हुन्छ भन्ने मानसिकता बोकेका हुन्छन् । हाम्रो समाज ग्रस्त छ, सामाजिक राजनीति र कुसंस्कारले ।  शर्माले पाइप कथामा सामाजिक, राजनीति र सांस्कृतिक राजनीतिले ग्रस्त भई वेश्यावृत्तिमा लाग्न विवश युवतीप्रति सहानुभूति प्रकट गरेको देखिन्छ ।

**घ) राजेन्द्र सुवेदी ('शास्वत यथार्थको कथा भिक्षुको नयाा इतिहासको प्रारम्भ' उन्नयन-१०, २०४९, पृ. ३०)**

'वर्षौं लामो इतिहासमा नेपाली मानसिकताले चाहेका मुक्तिका कामनाहरू, उपायका अन्वेषण र मानवीय आकांक्षाहरू यस नेपाली समाजमा शताब्दीयौंदेखि कुण्ठित भएर रहेको कुरा यस कथामा प्रस्तुत पात्रहरूको मानसिकताले प्रदर्शित गरेको छ । यस कथाका पात्रहरूमा मुक्तिकामी युवा नारी प्रभाको प्रमुख पात्रत्वमा कथा संगठित बनेको छ ।'

अवान्तर कथा सङ्ग्रहमा समाविष्ट कथा 'नयाा इतिहासको प्रारम्भ' कथाकी प्रमुख पात्र 'प्रभा' प्रति, सुवेदीले सम्मान प्रकट गरेका छन् । सयौं वर्षदेखि हेपिएर, चेपिएर, कुण्ठित भई बसेका नेपाली, मुक्तिका लागि आफ्नो प्राण आहुति गर्न पनि तयार हुन्छन् । नेपालीहरू नयाा इतिहासको प्रारम्भ गर्न खोज्छन्, कथाकी पात्र प्रभा घरका मानिसहरूको विरूद्ध लागेर पनि परिवारलाई असहज बनाएर मुक्तिको लागि आन्दोलनमा होमिई, उसले पति गुमाई, आफन्तजन गुमाई तर उसलाई चाहे जस्तो मुक्ति प्राप्त भएन आन्दोलन प्रतिक्रियावादी गुटकै पक्षमा गएर टुङ्गियो । यसरी कथाकी प्रमुख पात्र प्रभाको पक्षमा अहित हुने गरी प्रतिक्रियावादीकै पक्षमा सेनानी महिलाहरूको सौभाग्य पुछेर टुङ्गेको आन्दोलनप्रति सुवेदीले प्रभाको पक्षमा उभिएर असन्तोष व्यक्त गरेका छन् । यदि यस कथाकी पात्र प्रभा नबनेकी भए कथा त्यति संगठित बन्न नसक्ने सोच सुवेदीको छ । सुवेदीको समीक्षावाट अवान्तर सङ्ग्रहको नयाा इतिहासको प्रारम्भ' कथाको अध्ययन विश्लेषण गरी कथाको राजनीतिक व्यंग्य बुझ्न सहयोग पुगेको छ ।

**ङ) रामचन्द्र गौतम (भिक्षुको सुन्दर फूलबारीमा डुल्दा उन्नयन-१०, २०४९-पृ. ९९)**

'२०२४ पछि लेखिएका कथाहरूमा कतै अस्तित्त्वको खोजी छ, कतै जीवनको टड्कारोबोध छ, कुनै प्रत्यक्ष व्यङ्ग्य छ, कतै प्रणय-सन्दर्भद्वारा पाठकलाई रोमाञ्चित गराउादै जातीय परम्परा, मान्यता र संस्कृति विषयको परिचय दिइएको छ, वास्तविक मानवमनको उद्घाटनको प्रयत्न छ । युद्धको विभिषिका र निष्ठुर सैनिकको क्रुरताले हृदय छियाछिया पार्ने मर्म छ ।'

गौतमले २०२४ पछि लेखिएका भिक्षुका अवान्तरमा समावेश गरिएका कथाहरूको मूल्याङ्कन गरेका छन् । भ्रष्ट यज्ञमा कसिलो ढङ्गबाट व्यंग्य प्रहार, एक पैसा कथामा गरिबको मर्म र पीडा, तिब्बती सरकारको यौन स्वच्छन्दता एउटा छर्लङ्ग प्रेम कथामा ,ज्ञात भए जति कथा भिक्षुको उल्लेखनीय प्राप्तिका रूपमा र भालुका बच्चा : मानिसको बच्चा अर्को नौलो प्रयोगको रूपमा रहेको र यस अवधिको कथा विविधताको दृष्टिबाट व्यापक

तीक्ष्ण तीव्र गतिशील र सामान्य सामाजिकतातर्फ उन्मुख रहेको विश्लेषण गौतमले गरेका छन् ।

**च) गोपालप्रसाद भण्डारी (भवानी भिक्षुको कथामा मनोविज्ञानः अप्रकाशित शोधप्रबन्ध त्रि.वि.वि. कीर्तिपुर-२०५१-पृ. १५५)**

'असहाय मानिसहरूप्रति हार्दिक सहानुभूति, दया करूणा र स्नेह राख्दै जीवनको अत्यधिक भाग दुःखमय र विषादले भरिएको छ भन्ने संकेत गरेको पाइन्छ । तृतीय चरणका कथाहरू पूर्व उल्लिखित दुई चरणका तुलनामा अझ व्यापक क्षेत्रमा फैलिएका छन् । यी कथाका पात्रहरू पूर्वोक्त दुई चरणका भन्दा मुखर बन्न पुगेका छन् ।'

भिक्षुको साहित्ययात्रालाई तीन चरणमा विभाजन गरी वि.सं. १९९३-वि.सं. २००५ सम्म प्रथम चरण-२००६ देखि-२०१६ सम्म द्वितीय चरण र २०१७ देखि २०३८ सम्म तृतीय चरणमा राखिएको छ । 'अवान्तर' कथा सङ्ग्रहमा सङ्गृहित कथा तृतीय चरणका छन्। भण्डारीले अवान्तर सङ्ग्रहका कथाहरू पूर्व दुई चरणका कथाहरूभन्दा बढी खारिएको र त्रुटीकम भई बढी मुखरित बनेको कुरा उल्लेख गरेका छन् ।

**छ) ईश्वर बराल (झ्यालबाट नवौं संस्क. २०५३ पृ. १९४)**

'व्याघात बौद्धिक र निषिद्ध जे होस् विलोमक प्रेमको फल खज्मजिएको दाम्पत्य प्रेम रतिरागका आवेगका विभिन्न परिणाम रति रहस्यका हाङ्गाविङ्गा कामाकूतिको दारूण विस्फूर्जन मानिसका अकल्पनीयक एवं अचम्मको मनोव्यापार आदि विषय भिक्षुका कथामा बारम्बार बिच्छुरित छन् ।'

यहाा बरालज्यूले अवान्तरकै कथाहरूलाई संकेत गरेका छन् । ज्ञात भए जति कथामा नीलकण्ठ र कल्पनाको दाम्पत्य जीवन खज्मजिएको कुरा उल्लेख गरेका छन् । 'एउटा छर्लङ्ग प्रेम कथा' र 'पाइप' मा रति रहस्यका कुरा औंल्याउादै मानिसको कामेच्छाले, अकल्पनीय र अचम्मको मनोव्यापार हुन पुगेकाले आश्चर्य प्रकट गर्दै भिक्षुको लेखनशैलीको प्रशंसा गरेका छन् ।

**ज) रामप्रसाद दाहाल (सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय'-२०५४, पृ. २५९)**

'भिक्षुको साहित्य यात्रालाई हेर्दा यिनी मूलतः रित्तिएका उच्च मध्यमवर्गीय पारिवारिक चित्रणमा केन्द्रित रहेको देखिन्छ । यिनको शैलीमा घुमाउरोपन, भाषामा क्लिष्टता

भावमा गम्भीरपना ज्यादा देखिन्छ । जीवनको घुमाउरो चित्रण गरिएका यिनका कथाहरूले व्यक्तिमनको अनेक प्रक्रियाहरूलाई विश्लेषण गर्न सफल रहेका छन् ।'

दाहालले कथा लेखनको सिलसिलामा भिक्षु सफल रहेको कुरा उल्लेख गरेका छन् । उनको शैलीमा घुमाउरोपन रहेको छ । संस्कृतमा पनि ॅबक्रोक्ति साहित्यम्' भनिएको हुाादा उनको विचार साहित्यिक दृष्टिले उपयुक्त भावमा गम्भीरपना रहेकोले दाहालले भिक्षुको खुलेर प्रशंसा गरेका छन् । उनको विचारबाट अवान्तरको अध्ययन सम्बन्धि धारणा दिन सरल भएको छ ।

**झ) शालिकराम गौतम (अवान्तर कथासङ्ग्रहको कृतिपरक अध्ययन : अप्रकाशित शोधपत्र त्रि.वि.वि. कीर्तिपुर २०६४, पृ.८१)**

"अवान्तर कथा सङ्ग्रह विविध विषयवस्तु भएका कथाहरूको सङ्ग्रह हो । यसमा भिक्षुका विभिन्न कथात्मक प्रवृत्ति र विशेषताहरू पाइन्छन् ।"

भिक्षुको अवान्तर कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको विषयवस्तु फरक फरक छन् । उक्त सङ्ग्रहमा उनका प्रवृत्तिहरू र विशेषताहरू सजिलै प्राप्त गर्न सकिन्छ भन्ने कुरा माथिको भनाइबाट स्पष्ट हुन्छ । यसबाट उक्त सङ्ग्रहको विधागत अध्ययन सम्बन्धि धारणा दिन सरल भएको छ ।

**ञ) दयाराम श्रेष्ठ ('भवानी भिक्षु : सघन कथाका अभियन्ता' भवानी भिक्षु : कृतित्त्व र व्यक्तित्व काठमाडौं : ने.प्र.प्र., २०६७, पृ २६)**

"भवानी भिक्षु मूलतः मनोवैज्ञानिक कथाकार हुन् तापनि समयसापेक्ष सामाजिक एवं राजनैतिक संचेतनालाई पनि सागसागै स्वायत्त गर्दै लगेको पाइन्छ । त्यसैले यिनको एकातिर समाजद्वारा उपेक्षित र तिरस्कृत विधवा (तपस्या र गङ्गा कथाहरू) जड्याहा (रक्सीबाज कथा) वेश्या (पाइप कथा) मगन्ते (एक पैसा कथा) आदिका अन्तरपीडालाई कथाको विषय बनाएका छन् भने अर्कोतिर नयाा इतिहासको प्रारम्भ, बन्दना जस्ता कथाहरूद्वारा र राणाकालको समाप्ति पछिको राजनैतिक गतिविधिका साथै राजनैतिक अपराधलाई पनि आफ्ना कथाको विषय बनाएका छन् ।"

श्रेष्ठले मथि अवान्तरको 'पाइप' 'एक पैसा' र 'नयाा इतिहासको प्रारम्भ' कथातर्फ संकेत गरेको पाइन्छ । अवान्तर सङ्ग्रहकै कतिपय कथामा भिक्षुले मनोविज्ञानको प्रयोग गरेका छन् । उनी मनोबैज्ञानिक कथाकार भएपनि समयसापेक्ष सामाजिक र राजनीतिक

अवस्थालाइ पनि ध्यान दिएर त्यसको नकारात्मक असरबाट समाज र राष्ट्र जोगाउनु पर्ने तर्फ पनि सचेत गराएका छन् । समाजबाट उपेक्षित, गरिब , माग्ने र विधवाप्रति सहानुभूति प्रकट गर्ने भिक्षुले देशको स्वतन्त्रताको लागि लड्ने योद्धाहरूलाई पनि कथामा स्मरण गरेका छन्।

पाइपमा वेश्या बन्न बाध्य युवती पात्रको माध्यमबाट यौनलाई शिष्ट र मर्यादित रूपमा स्वीकार गरिएको छ । कथामा पात्रका अन्तर्मनका पीडा खोतल्ने प्रयास गरिएको कुरा माथिको उद्धरणबाट स्पष्ट हुन्छ । यसबाट अवान्तरको विधागत अध्ययन सम्बन्धी धारणा दिन थप उर्जा मिलेको छ।

**ट) भाउ पन्थी (संयो.-सम्पा. भवानी भिक्षु : कृतित्त्व र व्यक्तित्व ,काठमाडौं : ने.प्र.प्र., २०६७ पृ . ख )**

"भिक्षुको जन्मले एक शताब्दी समय पूरा गरेको छ । यस अवसरमा उनको कृतित्त्व र व्यक्तित्वको स्मरणका साथै तिनको सम्यक् विवेचन - समालोचन अझ उपयुक्त ठहरिन्छ उनका रचनाहरूको ताजगी र नवीनता अझै पनि पुरानिएको छैन, समयले छुल्याउन सकेको छैन, भवानी भिक्षुको रचनाहरूको प्रासङ्गिकता आज पनि उत्तिकै जीवन्त छ ।"

भिक्षुको जन्मले शय वर्ष नाघिसकेको छ । उनको कृतित्त्व र व्यक्तित्वको अध्ययन अनुसन्धान विवेचना र समालोचना अझै आवश्यक देखिन्छ । उनका रचनाहरूका ताजगी र नवीनता अझै पनि बूढो पुरानो भएको छैन । आख्यान साहित्यका एक सशक्त प्रतिभा भिक्षुका कृतिहरूको अध्ययन र समीक्षा आजसम्म पनि अधुरो र अपूरो नै रहेको कुरा माथिको भनाइबाट स्पष्ट हुन्छ । यसबाट भिक्षुको कृतिको अध्ययनमा उत्साह मिलेको छ र अवान्तर कथा सङ्ग्रहको विधागत अध्ययनमा थप सहयोग प्राप्त भएको छ ।

यसरी विभिन्न पूर्वाध्यायनवाट प्राप्त समीक्षाका आधारमा अहिलेसम्म अवान्तर कथा सङ्ग्रहभित्रका कथाहरूको स्थूल रूपमा मात्र विश्लेषण भएको पाइन्छ । उक्त कथा सङ्ग्रहका कथाहरूको गहिराइमा पुगेर सूक्ष्म रूपमा कम विश्लेषण गरिएको पाइयो । त्यसैले भिक्षुको अवान्तर कथा सङ्ग्रहभित्रका कथाहरूको अध्ययन र विश्लेषणको आवश्यकता अझै देखिएको हुादा यहाा अवान्तर कथा सङ्ग्रहको विधागत अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## ६. अध्ययनको औचित्य र महत्त्व

भवानी भिक्षु आधुनिक नेपाली साहित्यका प्रतिभाहरू मध्ये एक हुन् । उनको मुख्य भाषा नेपाली नभए पनि, दोस्रो भाषाका रूपमा नेपाली भाषा ग्रहण गरे तापनि नेपाली साहित्यका कथा, कविता, उपन्यास, निबन्ध, एकाङ्की जस्ता प्राय : सबै विधामा आफ्नो कलम चलाएका छन् । धेरैजसो विधामा कलम चलाए पनि भिक्षुलाई चिनाउने साहित्यिक विधा भने कथा हो । कथाले नै भिक्षुलाई साहित्यको उचाइमा पुऱ्याएको हो । उनले आफ्नो साहित्य साधनाको अवधिभर करिब चार दर्जन कथा लेखेर यस विधालाई अझ उरवर बनाउन लागि परेको देखिन्छ । विश्वेश्वरप्रसाद कोइराला भन्दा सूक्ष्म मनोवैज्ञानिक आधारमा कथा लेख्ने भिक्षुले आफ्ना प्रथम र द्वितीय चरणका कतिपय स्वकीय प्रवृत्तिलाई पन्छाएर रतिरागबाट मुक्त हुदै मध्य र निम्न वर्गीय पात्रहरूको चयन गरी पुराना सामाजिक मान्यता र आर्थिक विपन्नताबाट ग्रसित समाजको चित्रण गरेका छन् । यस्तै विषयलाई चयन गरेर लेखिएको 'अवान्तर' कथा सङ्ग्रह उनको कथा यात्राको तृतीय चरणको एउटा सङ्ग्रह हो । जीवनमा विभिन्न आर्थिक, सामाजिक र राजनीतिक समस्याको भूमरीमा परेका व्यक्ति, परिवार र समाजको सबैजसो वर्गले खेप्नुपरेको तनावपूर्ण स्थिति र आंशिक रूपमा बालमनोभावको चित्रण भएको यस कथा सङ्ग्रहका कथाहरूको कृतिपरक अध्ययनमा शोध गर्नु औचित्यपूर्ण देखिन्छ ।

## ७. शोधपत्रको सीमाङ्कन

मनोवैज्ञानिक कथाकार भिक्षुका गुनकेसरी, मैयासाहेब, आवर्त र अवान्तर गरी चार कथा सङ्ग्रह प्रकाशित छन् । तीमध्ये प्रस्तुत शोधपत्र कथाकार भिक्षुको अवान्तर कथा सङ्ग्रहको विधागत सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । त्यसभित्र रहेको 'पर्दा पछाडि' एकाङ्की यस अध्ययनमा समावेश छैन ।

## ८. शोध विधि

प्रस्तुत शोधपत्र तयार गर्नका लागि विशेष गरेर पुस्तकालय विधिलाई सामग्री संकलनको प्रमुख आधार बनाइएको छ । त्यसैगरी विभिन्न पत्रपत्रिका एवं विभिन्न विद्वान्हरूको सुझावलाई पनि आधार बनाइएको छ ।

### ८.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको निम्ति अपेक्षित सामग्रीहरूको सङ्कलन मुख्य रूपमा पुस्तकालयीय अध्ययन पद्धतिवाट गरिएको छ भने कतिपय सामग्रीहरूको सङ्कलन गर्दा शोध निर्देशक प्राध्यापक र विषय विशेषज्ञबाट पनि जानकारी लिइएको छ ।

### ८.२. अध्ययन विधि

प्रस्तुत शोधकार्यको निम्ति पुस्तकालयीय अध्ययन कार्यबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ । विधागत सिद्धान्तका आधारमा शोधपत्र तयार गरिएको छ ।

### ८.३. सैद्धान्तिक पर्याधार

शोधपत्र शोध शीर्षकको समस्या अनुसार निर्धारण गरिने हुादा यहाा विधागत अध्ययनको शोध विधा सिद्धान्तले निर्धारण गरिएका विश्लेषणात्मक आधारहरूको प्रकृतिअनुरूप तयार पारिएको छ । शोध पत्र तयार गर्दा आगमनात्मक विधि भन्दा सैद्धान्तिक उपकरणका आधारमा विश्लेषण गर्ने निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## ९. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित, वैज्ञानिक र प्रभावकारी बनाउन शोधलाई विभिन्न प्रकरणमा बााडिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्न प्रकारको रहेको छः

क) पहिलो परिच्छेद - शोधपत्रको परिचय

ख) दोस्रो परिच्छेद - अवान्तर कथा सङ्ग्रहका आधारमा भिक्षुको कथागत प्रवृत्ति

ग) तेस्रो परिच्छेद- अवान्तर कथासङ्ग्रहको कथाहरूमा कथानकको अवस्था र पात्र विन्यासगत प्रवृत्ति

घ) चौथो परिच्छेद - अवान्तर कथा सङ्ग्रहको परिवेशगत प्रवृत्ति

ङ) पााचाौं परिच्छेद - अवान्तर कथा सङ्ग्रहको दृष्टिविन्दु तथा भाषाशौलीगत प्रवृत्ति

च) छैटौा परिच्छेद - उपसंहार

छ) सन्दर्भ सामग्री

## दोस्रो - परिच्छेद

# अवान्तर कथा सङ्ग्रहका आधारमा भिक्षुको कथागत प्रवृत्ति

## २.१ वस्तु विन्यासगत प्रवृत्ति

अवान्तर कथा सङ्ग्रहमा भिक्षु प्रथम सङ्ग्रहको सिकारू प्रवृत्तिबाट मुक्त भई प्रौढता, शिल्पगत विशिष्टता र वस्तु चयनमा फराकिलो मानसिकता लिएर कथाकारिताको भाषा शैलीमा केही परिष्कार गर्दै अघि बढेको पाइन्छ । भिक्षुको अन्तिम तथा चौथो कथा सङ्ग्रहमा उनको अघिल्लो सङ्ग्रहहरूमा रहेका कथात्मक प्रवृत्ति केही मात्रामा रहेको पाइन्छ । तेस्रो सङ्ग्रहमा परम्परागत राजनीतिक क्षेत्रका आरोह, अवरोह र तिनको परिणाम जस्ता विषयवस्तुलाई त्यागेर वा खुल्ला समाजका विभिन्न वर्ग र पेशाका मान्छेका दिनचर्यालाई आफ्नो कथाका विषयवस्तु बनाउने कथाकारका रूपमा आफूलाई चिनाउने प्रयास गरेका छन् । भिक्षु अवान्तरमा पनि मनोवैज्ञानिक कथाकारका रूपमा देखिएका छन् । भिक्षु मानव हृदयको अध्ययन गर्ने संवेदनशील तर प्रबुद्ध कथाकार हुन् । "जीवनको स्थुल पक्षको भन्दा मानसिक धरातलको विश्लेषणको माध्यमबाट जीवनका सूक्ष्म पक्षको उद्घाटनमा भिक्षुको कथाकारिता बढी महत्त्वपूर्ण रहेको छ ।"[1] उनले मनोवेगको उतारचढाव आकर्षण, विकर्षण आदिको द्वन्द्वात्मक परिस्थितिलाई विषयवस्तु बनाउदै कथा लेखन गरेका छन् ।

भवानी भिक्षुको अवान्तरमा सङ्ग्रहित कथामा मानिसका अवचेतन मनका अन्तर्द्वन्द्वको चित्रणलाई जीवन्त तुल्याएको पाइन्छ । "यिनी प्रतिकूल बाह्य परिस्थितिले सिर्जना गरेका अवचेतन मनका दमित भावहरूको अन्तर्विश्लेषण गर्छन्।"[2] मानिसका अचेतन मनमा रहेका दमित इच्छा, आकाङ्क्षाहरू सामाजिक बाह्य परिस्थितिद्वारा जबरजस्ती रूपमा देखिए पछि मान्छे, मानसिक रोगी तनावग्रस्त र असन्तोषी प्रवृत्तिको हुन पुग्दछ भन्ने मनोवैज्ञानिक सत्यता प्रस्तुत गर्नु भिक्षुको प्रवृत्ति हो । उनले मनोविज्ञान अन्तरगत पर्ने विभिन्न मनोग्रन्थीको कुशलतापूर्वक चिरफार गर्ने कोशिस अवान्तरका कथाहरूमा गरेका छन् । भिक्षुको अर्को मुख्य प्रवृत्ति भनेको पुरुषका चेतन मनका र स्त्रीका चेतन मनका कुण्ठा व्यक्त गर्नु । अवान्तरमा भिक्षु नारीवादी कथाकारका रूपमा देखिएका छन् । भिक्षुले नारीका अनेक पक्षलाई आफ्नो कथाकारितामा रतिभावको सर्वस्वता मुखरित

[1] नरेन्द्र, चापागाईं. भिक्षुको कथाकारिता. **उन्नयन**. वर्ष ३, अङ्क १०, २०४९. पृ.२३ ।
[2] देवी प्रसाद, गौतम. *नेपाली कथा.* काठमाडौं : नवीन प्रकाशन. २०५४. पृ. ७६ ।

गरेको पाइन्छ । "पात्रहरूको अन्तरमानसिकतालाई गति प्रदान गर्ने शक्तिका रूपमा रहेको रतिरागातिशयता उनका कथाकारिताकै प्राणवत्ताको रूपमा रहेको अनुभव हुन्छ ।"[३] कथाकारले रतिरागकाबारेमा विशिष्ट प्रयोग गरेका छन् ।"अभिष्ट र दुष्ट प्रवृत्तिले समन्वित भएको नारी जीवनलाई अनेक ढङ्गले खोतल्ने भिक्षु यस्ता तीव्रतम विश्लेषण पीपासा भएका कथाकार हुन्, जसले कुनै पात्रका आन्तरिक मनोजगतलाई निचोरेर, पोलेर, घोटेर निस्शेषताका साथ बाहिर निकालेका हुन् ।"[४] कथाकार भिक्षुले यौनलाई सामान्य रूपबाट अङ्गीकार नगरी उच्च गरिमायुक्त मानवीय मूल्यका रूपमा ग्रहण गरेका छन्। अवान्तरको नयाा इतिहासको प्रारम्भ (२००७) मा २००७ सालका क्रान्तिका पूर्वापर प्रसङ्गका राजनैतिक सन्र्दभ र दाम्पत्य सम्बन्धका बीचको अन्तर्द्वन्द्वात्मक स्थिति देखापर्छ ।

### २.१.१ लेखनको प्रेरणा र पृष्ठभूमि

आधुनिक नेपाली कथा फााटमा देखापरेका कथाकारहरू गुरूप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालापछिका तेस्रो नं. का कथाकार हुन् भवानी भिक्षु । उनको जन्म वि.सं. १९६६ जेष्ठ २१ गते कपिलवस्तु जिल्लाको तौलिहवामा भएको थियो । भिक्षुका पिता माता इन्द्रप्रसाद गुप्ता  यशोदादेवी गुप्ता हुन् । भिक्षुको न्वारनको नाम नोहरराम गुप्ता हो । चार वर्षको उमेरमा उनलाई विफर रोग लाग्यो । उनकी आमाले शीतलामाईको मन्दिरमा गएर उनको जीवन मागिन् । देवीसागको भाकलपछि उनलाई निको पनि भयो । देवीसाग भिक्षा (भाकल) मागेर बााचेको हाादा उनको नाम भिक्षु राखियो । उनी साहित्यकारका रूपमा स्थापित भए त्यसपछि साहित्य क्षेत्रमा भिक्षु उपनामले प्रसिद्ध हुन पुगे ।

जुनसुकै साहित्यकारलाई पनि साहित्य लेखनमा कुनै न कुनै कुराले प्रेरणा प्रदान गरेको हुन्छ । भवानी भिक्षुलाई साहित्यतिर अभिप्रेरित गर्न शारदा पत्रिकाले भूमिका खेलेको कुरा धेरै लेखक, साधक, सम्पादक (तत्कालीन) हरूको भनाइ छ । भिक्षुको पढाइ लेखाइ सबै भारतमा सम्पन्न भयो । उनको पहिलो भाषा अवधि, दोस्रो भाषा हिन्दी र तेस्रो भाषा नेपाली थियो । नेपाली साहित्यमा देवकोटा र सिद्धिचरण श्रेष्ठको प्रभाव परेको कुरा उनी स्वीकार गर्थे । उनले पहिला हिन्दीमा साहित्य रचना गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनले कविता, कथा र उपन्यास विधाहरूमा कलम चलाएका छन् । भिक्षु गाउामा पनि नाटकहरूमा अभिनय गर्दथे । जग्गा सम्बन्धी मुद्दा मामिला आदि कुराहरू लिएर उनी काठमाडौं आउने जाने गर्दथे । त्यसै समय 'शारदा' पत्रिका प्रकाशनको वातावरणले पनि

[३] नरेन्द्र, चापागाईं. भिक्षुको कथाकारिता. **उन्नयन**. वर्ष ३, अङ्क १०. २०४९. पृ.१५ ।
[४] दुर्गा प्रसाद, अर्याल..'भवानी भिक्षुको कथात्मक पृष्ठभूमि र मूल प्रवृति'. **उन्नयन.** वर्ष ३, अङ्क १०, २०४९. पृ. १२७ ।

उनलाई साहित्यतिर लाग्ने प्रेरणा मिल्यो । यसरी हेर्दा पशुपति प्रताप पुरीको घर साहित्यकार जन्माउने थलो बनेको छ भने 'शारदा समाज' प्रेरणा र साधना केन्द्र बनेर एक भिक्षुलाई अघि सारेर नेपाली साहित्यमा एक अमर व्यक्तित्वको निर्माण गरेको पाइन्छ । पशुपति प्रताप पुरी सम्पन्न परिवारका भएकाले आफूलाई पढ्न मन लागेका किताबहरू किनेर ल्याउंथे र उनले ल्याएका किताबहरू पढ्दा पढ्दै भिक्षुमा अध्ययनप्रति रूचि बढ्दै गयो । अध्ययनकै क्रममा भिक्षुले हिन्दीका प्रेमचन्द, बङ्गालीका शरदचन्द्र आदिका कृतिहरूको पनि अध्ययन गरे । १९९३ आश्विन द्वादशीका दिन पशुपति प्रताप पुरीले तौलिहवामा एउटा पुस्तकालय स्थापना गरिदिए ।

भिक्षुलाई आफ्नो अध्ययन बढाउनका लागि अझ सरल भयो । यस अवसरमा उनले प्रेमचन्द्र, वकीमचन्द, चेखव, गोर्की, गल्सबर्दी, पो, दस्तोएवस्की, मोपाासा, बाल्जाक, सार्त्र, एमिलजोला, देवकोटा, कोइराला, सम जैनेन्द्र आदिका कृतिको रसास्वादन गरे । यी कृतिको अध्ययनबाट उनमा साहित्य रचनामा शैली चेतनास्तर र कला प्रस्तुतिको यथायोग्य सीपको समेत विकास हुन थालेको थियो ।

भवानी भिक्षु सानै उमेरदेखि भावुक प्रकृतिका थिए । उनले साहित्यक कृतिहरूको अध्ययन गर्ने उपयुक्त अवसर पाएकाले साहित्य सिर्जनातिर आकर्षित पनि भए । भिक्षुले दश वर्षकै उमेरदेखि कविता लेख्न थालिसकेका थिए । पशुपति प्रतापुरीको मुद्दा मामिला सम्बन्धी कामले काठमाडौं आउन जान थालेपछि 'शारदा' पत्रिकाका तत्कालीन सम्पादक ऋद्धिबहादुर मल्ल र सिद्धिचरण श्रेष्ठसाग उनको सम्पर्क भयो । यो सम्पर्क नै नेपाली साहित्य लेखनसम्बन्धी महत्वपूर्ण घटना थियो ।"भिक्षुलाई एउटा वरिष्ठ नेपाली साहित्यकार बनाउनमा वि.सं.१९९१ देखि काठमाडौंबाट प्रकाशित भएको 'शारदा'ले निकै गहकिलो भूमिका खेलेको देखिन्छ ।"[५]

यसपछि उनी नेपाली साहित्यका विशिष्ट साहित्यकार बन्न पुगे । यी कुराहरूका अतिरिक्त गाउाले जीवन परिवेश, सामाजिक वातावरण उनले देखेभोगेका र सुनेका विविध घटनाहरू नै भिक्षुका साहित्य लेखनका प्रेरणाका स्रोत हुन् । भिक्षुले साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनलाई चर्चाको शिखरमा पुऱ्याउने विधाचाहिं कथा हो । उनका चारवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । ती हुन् : गुनकेशरी (२०१७) मैयाासाहेब (२०१६) आवर्त (२०२४) अवान्तर (२०३४), उनको अन्तिम कथा सङ्ग्रह अवान्तर हो । यसमा पहिले

[५] रघु घिमिरे. 'शारदामा अङ्कित कथाकार भिक्षु'. **उन्नयन.** वर्ष ३, अङ्क १०, २०४९.पृ. २६७ ।

लेखिएको कथा पनि सङ्गृहित छ । यसमा उनको पहिलेका कथाहरूमा भन्दा खारिएर विषयवस्तुको बुनोट भएको छ । यस सङ्ग्रहमा आर्थिक, सामाजिक र यौन, प्रेम स्वतन्त्रता, नेपाली जनताले बिताइरहेका दुःखी जीवन यापनको चित्रण, बाल मनोविज्ञान लगायतका विविध पक्षलाई समेटिएको छ ।

### २.१.२ कथाकार भिक्षु

भिक्षुले धेरै विधामा कलम चलाए पनि उनको सबैभन्दा उरवर र प्रतिष्ठित विधा भने कथा हो । वि.सं. १९९५ को 'शारदा' पत्रिकामा 'मानव' कथा लिएर कथा फाटमा प्रवेश गरेका भिक्षुले स्वार्पण (२०३४) सम्म आइपुग्दा यो अवधिमा ४७ वटा कथाहरू लेखेको पाइन्छ । यी कथाहरू निम्नलिखित कथा सङ्ग्रहमा सङ्गृहीत छन् ।

क) गुनकेशरी (२०१७)
ख) मैयाा साहेब (२०१७)
ग) आवर्त (२०२४)
घ) अवान्तर (२०३४)

यी कथा सङ्ग्रह लगायत 'विधाताको शिल्प' मधुपर्क (९, ३-२०३३ साउन) र 'स्वार्पण' मधुपर्क (१०:२-२०३४ असार) त्यो फेरि फर्केला ? 'टाइपिष्ट, मैयाा साहेब, माउजुङ बाबुसाहेबको कोट, 'अब म त्यस पसलमा सिगरेट किन्दिन' साबित्रीको बाखो 'हारजीत', 'मेरा सानू साथी', 'ईश्वर खुदा गाडका कान', नयाा इतिहासको प्रारम्भ', 'पाइप' आदि उनका प्रसिद्ध कथाहरू हुन् ।

भिक्षु कोइरालाले भित्र्याएका मनोविज्ञानलाई अघि बढाउने कथाकार हुन् तापनि उनी यथार्थवाद भन्दा स्वच्छन्दतावादको धेरै नजिक छन् । "अझ वि.पी.बाट यौनमनोविज्ञानको विम्बात्मक एवं वर्णनात्मक पाराले सूक्ष्म अध्ययन गरेको पाइन्छ ।"[६] कथाकार भिक्षुले आफ्ना कथाहरूमा व्यक्तिका नैसर्गिक रूचि गुण, आचरण र ऊ जन्मे, हुर्केको ठाउा, सामाजिक, सास्कृतिक, आर्थिक, राजनीतिक परिवेश आदिलाई कथाको विषयवस्तुको स्रोत बनाएका छन् । भिक्षुले कथामा पात्रको असामान्य मनोदशाको चित्रण पनि गरेका छन् । मानवीय अचेतन मनको अन्तर्द्वन्द्वको चित्रण, सामाजिक विकृतिप्रति व्यङ्ग्यभाव नारी र पुरुष मनका कुण्ठाको चित्रण, यन्त्र र मानवेत्तर प्राणीप्रति ममता आदि विशेषताहरू भिक्षुका कथाहरूमा पाइन्छन् ।

---

[६] मोहन सिटौला. 'कथाकार भिक्षु र उनको माउजङ बाबुसाहेबको कोट'. **उन्नयन**.वर्ष ३, अङ्क १०,२०४९. पृ. २९८ ।

### २.१.३ अवान्तर कथा सङ्ग्रहमा भिक्षु

'अवान्तर' कथा सङ्ग्रह (२०३४) भिक्षुको अन्तिम कथा सङ्ग्रह भए पनि यसमा अघि लेखिएका कथाहरू पनि समाविष्ट गरिएको छ । २००७ सालमा लेखिएको 'नयाा इतिहासको प्रारम्भ' कथालाई भिक्षुले अवान्तरमा स्थान दिएका छन् । अरू २०२४ पछि लेखिएका कथाहरू यस सङ्ग्रहमा

सङगृहित छन् । 'अवान्तर' मा भिक्षुले आठ वटा कथाहरू राखेर कथा सङ्ग्रहको रूप दिएका छन् । यसमा उनले लेखेको एक मात्र एकाङ्की 'पर्दा पछाडि' (२०३०) पनि समावेश छ । "पर्दा पछाडि एकाङ्की नाट्यकथा हादै होइन भन्न चााहि मिल्दैन ।"[७] 'पर्दा पछाडि'मा नाटकीय विधिको कथा छ । अवान्तरमा 'एउटा छर्लङ्ग प्रेम कथा', 'एक पैसा', 'भ्रष्ट यज्ञ', 'ईश्वर खुदा गाडका कान', 'पाइप', ज्ञात भएजति', 'भालुका बच्चा : मानिसका बच्चा' नयाा इतिहासको प्रारम्भ गरी आठ वटा कथाहरू र एकाङ्की 'पर्दा पछाडि' अटाएका छन् ।

### २.१.४ कथावस्तुमा मनोविज्ञानको प्रयोग

अवान्तर कथा सङ्ग्रहमा सङ्गृहीत, 'एउटा छर्लङ्ग प्रेमकथा' र 'पाइपमा' शिष्ट यौन मनोविज्ञानको प्रयोग गरिएको छ ? एउटा छर्लङ्ग प्रेमकथामा तिव्बती समाजमा प्रचलित यौन स्वतन्त्रतालाई भिक्षुले शिष्ट र सभ्य शैलीमा प्रस्तुत गरेका छन् । यस कथामा उनले यौनको नाङ्गो चित्रण र अशिष्ट रूप देखाएका छैनन् । याङ्जी र योन्देनका बीचको आगाध प्रेमलाई कथाकारले कथावस्तुको रूप दिएर प्रस्तुत गरेका छन् । "नारीले पुरुषलाई केही गरे पनि छोडिन, छोडिन...........।"[८] जस्ता यौनको वर्णन शिष्ट र सौम्य भाषामा गरिएको पाइन्छ । यस कथामा यौनलाई सामान्य रूपमा अङ्गीकार गरिएको छ ।

'पाइप' कथामा पनि यौनको चर्चा शिष्ट रूपमा गरेको पाइन्छ । यस कथामा युवती किन र कसरी देह व्यापार गर्ने वेश्या बनी भन्ने रहस्य खोतलिएको छ । युवतीले आफ्नी आमालाई बच्चा कसरी जन्मिन्छ भनेर जान्न खोज्दा उत्तर पाउादिनन् । पछि उसले पुरुष र स्त्रीको सम्भोगलाई साधारण मान्न थाल्छे । "मसित शरीर सम्पर्क गरेपछि मौका पाएको जुनसुकै वखत पनि मेरो उपभोग नगरी छोड्दैनथ्यो ।"[९] 'पाइप' मा कथावस्तु यौनमनोवैज्ञानिक ढङ्गबाट बुनी शिष्ट भाषामा कथाकार भिक्षुले चित्रण गरेका छन् । "धेरै

[७] वासुदेव त्रिपाठी. 'भवानी भिक्षुको समाष्टि कथायात्रा एक रेखाङ्कन'. **उन्नयन**. वर्ष ३ अङ्क-१० २०४९. पृ. ३५१ ।
[८] भवानी भिक्षु. ***अवान्तर.*** काठमाडौं : साझा प्रकाशन. २०३४. पृ. ५ ।
[९] पूर्ववत् पृ. ५ ।

दिनदेखिको मनको यो व्यथा पोख्न लोभ लागेको थियो कुनै पात्र नपाएर पिल्सि मात्रै रहेको थिएा ।''[१०] भिक्षुले पात्र मनका कुन्ठाको चिरफार गरेका छन् ।

'ईश्वर, खुदा गाडका कान' मा द्वन्द्व बढ्दै गएपछि भीषण क्रान्तिको समयमा सामाजिक तथा प्रशासनिक अवस्थाको चित्रण गरिएको पाइन्छ । क्रान्तिको कारण आफ्ना बुबा आमा गुमाइसकेका एउटा अबोध बालकको जीवनमा आइपरेका कठिनाइ, बाध्यता, विवशता एवं निरीहपनको सहारा कोही नपाउादा उसले अन्त्यमा स्वर्गमा लीन हुन बाहेक अर्को विकल्प नभएको अवस्थाको वर्णन गरी बालकको अबोधताको निरीक्षण मनोवैज्ञानिक रूपमा गरिएको छ । 'मैले के बिराएा, मैले के गरे मलाई किन ठोकेको ? म त केही पनि गर्न सक्दिना, म त खाली हाास्छु मात्रै, मलाई किन दुःख दिएको, मैले के गरेको छु ?''[११]

तुषारकुमुद पलङ्मा ठोकिएपछि उसको अचेत मनमा आएका कुराहरू हुन् । उसले सैनिकका राइफललाई खेलौना मान्छ । सैनिक अफिसरले गोली हानेर उसको हत्या गर्छ , बालकको अचेत मनमा मैले के बिगारेको छु ? खालि खेल्नमात्र जानेको छु । हाास्न मात्रै त जान्दछु । मैले कुनै बिगार गर्दै गरेको छैन, गर्दै गर्दिन, के बिगारें भनेर बालकले दुःख मानी रुादै मनमा कुरा खेलाएको छ ।

भिक्षु यस कथामा रतिरागमा भन्दा मनोविश्लेषणमाकेन्द्रित भएको पाइन्छ । भालुका बच्चा मानिसका बच्चा कथामा यस्तै विश्लेषण गरिएको पाइन्छ । "गुरु बख्स बाबु शिकार भने कति खतरनाक जनावरका कति गरें कति तर आज जस्तो जस्तो पछुतो पनि लागि रहेको छ । फेरि हाम्रा आइमाई जस्तै भालुनीको कराई सुने जो अझै पनि मेरो कानमा गुञ्जिदै छ । बिचरीसागै बच्चा पनि । सके अहिलेसम्म पनि आमाका दूध छाडेका थिएनन् क्यारे ।''[१२]

यसरी सिकारी पात्रहरूले सिकारपछि मनमा कुरा खेलाउादै पछुतो मानेका छन् । मानिसको सुख कहाा हुन्छ दुःख कहाा हुन्छ यसको कुनै निश्चित ठाउा छैन । 'कुनै भयानक हिंस्रक जनावरलाई मारेर पाइने प्रफुल्लता मैले बाबाको अनुहारमा देखेको छु । तर आज केबल आखेट सफलता छैन...।''[१३] यहाा मानवीय कारणले प्रबलता समातेको छ । मानिसले आफ्नो बच्चाहरूको कौतुकीय प्रशन्नता प्रतिलाई र आफ्ना बच्चा बचाउनलाई

---

[१०] ऐजन ।
[११] पूर्ववत् पृ. २२ ।
[१२] पूर्ववत् पृ.६६ ।
[१३] ऐजन ।

बाबु र गृहस्थी परिपालक आत्मालाई यसै मर्म परिघातले छोएको छ । अझ त्यही मर्माघातमा बाबाको कुनै पौरूषिय दर्पले पनि आघात पाएको छ भने पुरुष भएर उसले पशु आइमाई जातको हत्या गरेकोमा पछुतो मान्दै मन कुण्ठित बनाएको छ । यसरी कथामा कथाकार भिक्षुले म पात्रको अन्तरमनको विश्लेषण गरेको पाइन्छ ।

सामन्ती वर्गले गरेको शिकारबाट पोथी पशुको हत्या भएपछि संरक्षकको अभावमा पीडादायी एवम् दयनीय अवस्थामा पुगेका पशु बच्चाहरूको अवस्था अत्यन्त कारुणिक र मार्मिक हुने कुराको विश्लेषण गर्दै प्राणीमा सर्वश्रेष्ठ मानव भएर पोथी पशुको हत्या गरी आफूलाई वीर पुरुष ठान्ने व्यक्तिहरूको विरुद्धमा उभिई कथाकार भिक्षुले पशुहत्या गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने कुरामा जोड दिदै जङगलमा रमाउादै हिाड्ने पशुहरूको संरक्षणमा सवै लाग्नु पर्ने धारणा  उक्त कथामा राखेको पाइन्छ । त्यसै गरी युद्धको मारमा सर्वसाधारण र निर्दोस व्यक्तिहरू पर्ने गरेकाले युद्धको अन्त्य हुनुपर्ने कुरामा कथामा जोड दिइएको छ । त्यसैगरी गरिबीका कारण भोकभोकै आफ्नो जीवनको  अन्त्य गर्नुपर्ने अवस्थामा नेपालीहरू पुगेको देखाइ कथामा पात्रका अन्तरमनको विश्लेषण गरिएको छ ।

### २.१.५ कथावस्तुमा सामाजिक यथार्थको चित्रण

कथाकार भिक्षुको कथाकारिता, प्रेम, कामवासना, रतिरागबाट मुक्त हाुदै क्रमशः अवान्तर कथासङ्ग्रहमा सामाजिक यर्थाथवादी कथालेखनतिर उन्मुख भएको  पाइन्छ । 'एउटा छर्लङ्ग प्रेम कथा', 'एक पैसा' र 'नयाा इतिहासको प्रारम्भ' जस्ता कथाहरूमा सामाजिक यथार्थताको छनक पाइन्छ । 'एउटा छर्लङ्ग प्रेम कथा' मा तिब्बती समाजमा पाइने सामाजिक र साास्कृतिक पक्षको यथार्थ चित्रण गरिएको छ । तिब्बतमा एक पत्नी अनेकन भाइको भोग्या हुन्छिन् । पर पुरुष सम्बन्ध कुनै कठोरता होइन । एक पैसा कथामा भिक्षुले गरिब माग्नेहरूको यथार्थ चित्रण गरेका छन् । नेपाली समाजका गरिब दुःखी र माग्नेहरूको जीवनयापन शैली र उनीहरूले भोग्नु परेको पीडा, वेदना र हेलत्व भावको चित्रण कथाकारले एक पैसा कथामा गरेका छन् । 'भष्ट यज्ञ' कथामा आर्थिक विपन्नता र अभावका कारणले भताभुङ्ग भएको मानिसले जसरी भए पनि सम्पति प्राप्त गर्न देखाइएका आतुरताको यथार्थ चित्रण यस कथामा गरिएको पाइन्छ ।

कथाकार भिक्षुले राजनीतिक विषयवस्तुको संयोजन गरेर 'नयाा इतिहासको प्रारम्भ' कथामा नेपाली समाजको यथार्थ चित्रण गरेका छन् । भिक्षुले नयाा इतिहासको प्रारम्भ कथामा २००७ सालमा देशको उज्ज्वल भविष्य देख्न चाहने नेपाली जनताले गरेका

जनआन्दोलन र त्यसपछि राजनीतिक नेताहरूको परम्परित कार्यशैलीप्रति विरोध गरेका छन् ।

### २.१.६ कथाका पात्रमा अस्तित्त्वको प्रयोग

कथाकार भिक्षुको अवान्तर कथा सङ्ग्रहमा देखिएको अर्को प्रवृत्ति अस्तित्त्ववाद हो । कथाकार स्वयंले 'ज्ञात भए जति' कथा अस्तित्त्ववादको रूचि हो भनेका छन् । "विश्वका धेरै कथाहरू एकालापको रूपमा लेखिए पनि मेरो यस कथामा दुई तीन पात्र छन् र कथा चाहिं अस्तित्त्ववाद कै वृत्तमा आबद्ध छ ।"[१४] यस आधारमा 'ज्ञात भए जति' कथालाई अस्तित्त्ववादी कथा र भिक्षुलाई अस्तित्त्ववादी कथाकार भन्न सकिन्छ । यस कथामा सामान्य घर झगडाका कारणले एक आपसमा छुट्टिन विवश कल्पनादेवी र नीलकण्ठको पारिवारिक कथा-व्यथालाई विषयवस्तुका रूपमा प्रस्तुत गरेर कल्पनादेवीले आफ्नो अस्तित्त्व बचाउन गरेका संघर्षलाई अस्तित्त्ववादी रूचिमा चित्रण गरेका छन् ।

## २.२ अवान्तर कथा सङ्ग्रहको वस्तु विन्यासगत तालिका

वि.स. १९९५ देखि २०३४ सम्म निरन्तर रूपमा कथा साधनामा रहेका भवानी भिक्षुको अवान्तर कथा सङ्ग्रहमा प्रकाशित कथाहरूको वस्तु विन्यासगत अवस्था एवं प्रकारलाई तालिकामा निम्ननुसार देखाउन सकिन्छ ।

---

[१४] भवानी भिक्षु. ***अवान्तर.*** काठमाडौं : साझा प्रकाशन. २०३४. पृ. ? ।

## तालिका नं. - १

## अवान्तर भित्रका कथाहरूको वस्तु विन्यासगत तालिका

| क.स | कथा | पात्र | दृष्टि विन्दु | परिवेश | भाषा/ढाचा |
|---|---|---|---|---|---|
| १ | एउटा छर्लङ्ग प्रेम कथा | १. याग्जी<br>२. अनङ्ग<br>३. योन्देन<br>(प्रमुख पात्र याग्जी) | तृतीय पुरुष दृष्टि बिन्दु (तीन पात्रको उपस्थिति रहेकाले कथामा तृतीय पुरुष दृष्टि बिन्दुको प्रयोग भएको छ।) | तिब्बती समाजको सामाजिक, धामिक र सास्कृतिक परम्परा एवं युवक र युवतीबीचको प्रेम स्वतन्त्रता | साधारण जीवनमा बोलिने सरल विषयवस्तु अनुरूपको भाषाको प्रयोग<br>ढाचा-रैखिक |
| २. | एक पैसा | १. सानु<br>२. सानुकी आमा<br>३. स्वयं कथा बाचक (मुख्य पात्र नवजात शिशु सानु) | प्रथम पुरुष दृष्टि विन्दु<br>(म पात्र स्वयं उपस्थित भएर अन्य पात्रको जीवनस्तरका बारेमा चर्चा गरेकाले यहा प्रथम पुरुष दृष्टि विन्दुको प्रयोग भएको छ।) | काठमाडौंको लाजिम्पाट र लैनचौरको बीचमा रहेको साघुरो गल्ली र त्यसै सेरोफेरोमा एक डेड महिनाकी प्रसुती जो नवजात शिशुलाई एक पैसा भन्दै माग्छे। | यस कथामा माग्ने मानिसहरूले प्रयोग गर्ने सरल भाषा शैलीको प्रयोग भएको छ।<br>ढाचा-रैखिक |
| ३. | भ्रष्टयज्ञ | १. म्यानेजर<br>२. बास<br>३. बुद्धि ज्यामी र अन्य बुद्धि ज्यामीहरू<br>(प्रमुख पात्र म्यानेजर) | तृतीय पुरुष दृष्टि विन्दु<br>(म्यानेजर, बास, बुद्धि ज्यामी र अन्य ज्यामीहरूको उपस्थितिमा कथा अघि बढेकाले यहा तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग भएको छ) | भारतको वम्वई शहरमा अवस्थित एउटा मगज पसल, मिसिन, फेसन, श्रृङ्गार मोजमज्जा आइमाई सम्मको सप्लाई वम्वईमा | यस कथामा प्रयोग भएको भाषा जटिल र क्लिष्ट छ। सामान्य मानिसहरूले बोल्ने र बुझ्ने खालको छैन।<br>ढाचा-रैखिक |
| ४. | ईश्वर, खुदा गाडका कान | १. मिस्टर खान<br>२. सबनम<br>३. तुषार कुमुद<br>४. सैनिक अफिसर सैनिक पात्रहरू ( मुख्य पात्र तुषार कुमुद) | तृतीय पुरुष दृष्टि विन्दु<br>(यहा तृतीय पुरुष पात्रहरूको प्रयोग भएको छ | बङ्गाली कवि रविन्द्रनाथ टैगोरको प्रान्त देश बङ्गालको राजधानी शहरको मिस्टर खानको घरमा घटाइएको निर्मम हत्याको घटना। | यस कथामा प्रयोग गरिएको भाषा सरल नभएर जटिल संस्कृत मूलका क्लिष्ट तत्सम शब्दहरू तथा आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ।<br>ढाचा-रैखिक |

| क.स | कथा | पात्र | दृष्टि विन्दु | परिवेश | भाषा/ढाचा |
|---|---|---|---|---|---|
| ५. | पाइप | मुख्य पात्र युवती<br>१. युवती<br>२. युवक<br>३. युवतीको दाजु<br>युवतीकी आमाबाबु<br>भाइबहिनीहरू,काका<br>काकी र छोरी | तृतीय पुरुष दृष्टि विन्दु, (यहाा तृतीय पुरुष पाात्रहरूको सिर्जना गरी कथावस्तु अघि बढाइएको छ ) | काठमाडौंको अनिर्दिष्ट, वेश्यालय नयाा सडकको होटल रत्नपार्कको बेन्च आर्थिक अभाव टार्न देह व्यापार गर्ने युवती | कथामा सरल भाषाको प्रयोग भएको छ । साधारण मानिसले पनि बुझ्ने र बोल्ने खालको छ ।<br>ढााचा-रैखिक |
| ६. | ज्ञात भए जति | १. कल्पनादेवी<br>२. नीलकण्ठ<br>३. लेखक (म पात्र)<br>मुख्य पात्र | प्रथम पुरुष दृष्टि विन्दु, (कथाको शुरूदेखि अन्त्य सम्म म पात्रको उपस्थिति रहेको छ) | नेपालमा कुनै शहरमा रहेको नीलकण्ठको घर र कल्पनादेवीले बहालमा लिएको घर पुरुषहरूले नारीलाई खेलौना सम्झी चलाइने गृहस्थी जीवन | कथाको भाषा क्लिष्ट र दुर्बोध्य सामान्य मानिसले बुझ्ने र बोल्ने खालको नभएको ।<br>ढााचा-रैखिक |
| ७. | भालुको बच्चा मानिसको बच्चा | १. म पात्र<br>२. बाबा<br>३. विश्वनाथ<br>४. भूतनाथ<br>५. झिन्कुबाबु<br>६. भारतीय फरूख साहेव<br>७. ओभरसिय गुरू बख्श साय<br>८. राम औतार उपधिया र थारूहरू<br>मानवेत्तर पात्र, भालुनी र उसको दुईवटा बच्चाहरू | प्रथम पुरुष दृष्टि विन्दु (कथामा अन्य पात्रहरूको अर्न्तमनको विश्लेषण म पाात्रबाट नै गरिएको छ ) | परिश्रम नेपाल तराइको शिवराज इलाकाको जङ्गल भित्र पर्ने मदवा भन्ने गाउा, घरानियाा सामन्ती वर्गले जङ्गली जनावरको शिकार गरी अनेकन परिकार बनाएर खाने र जनावर नाश गर्ने चलन सम्बन्धी | नेपालको तराइमा बस्ने मानिसहरूले बोल्ने, सामान्य भाषाको प्रयोग<br>ढााचा-रैखिक |
| ८. | नयाा इतिहासको प्रारम्भ | १. प्रभा (मुख्य पात्र)<br>२. उसको लोग्ने<br>प्रभाको बाबु आमा दाजुभाइ गाउालेहरू विश्वेश्वरप्रसाद कोइराला<br>सिपाहीहरू | तृतीय पुरुष दृष्टि विन्दु (तृतीय पुरुष पात्रहरूको उपस्थितिमा कथानक अघि बढाइएको छ ) | २००७ सालको राजनीतिक,चहल, पहल, निरङ्कुश राणाशासन विरूद्ध नेपाली काङ्ग्रेसले गरेको सशस्त्र आन्दोलनलाई कथाको परिवेश बनाइएको छ । | कथाको भाषा सरल नभएर क्लिष्ट छ । नेपालको तराइमा बोलिने भाषाको प्रयोग कथामा गरिएको छ ।<br>ढााचा-रैखिक |

## २.३ निष्कर्ष

भवानी भिक्षु आधुनिक नेपाली साहित्यका चर्चित स्रष्टा हुन् । उनले कविता, उपन्यास, निबन्ध र एकाङ्की आदि विधामा कलम चलाए पनि उनलाई चर्चाको शिखरमा पुऱ्याउने विधा भनेको कथा नै हो । भिक्षु मानव हृदयको अध्ययन गर्ने संवेदनशील एवं प्रबुद्ध कथाकार हुन् । भिक्षुको कथा लेखनको शुरूको मुख्य प्रवृत्ति रतिरागजन्य मनोवेगको उतारचढाव, आकर्षण, विकर्षण आदि द्वन्द्वका समुदघाटन रहेको छ । भिक्षुका कथामा मानिसका अचेत मनमा रहेका दमित इच्छा आकाङ्क्षाहरू सामाजिक बाह्य परिस्थितिद्वारा बलजफत रूपमा लादिए पछि मान्छे मानसिक रोगी विक्षिप्त र असन्तोषी हुन पुग्छ भन्ने मनोवैज्ञानिक सत्यता प्रस्तुत गरिएको पाइन्छ । मनोविज्ञान अन्तर्गत पर्ने विभिन्न मनोग्रन्थीको चिरफार गर्ने प्रयास उनले आफ्ना कथामा गरेका छन् ।

उनको अर्को मुख्य प्रवृत्ति भनेको स्त्री पुरुषको चेतन अचेतन मनका कुण्ठा व्यक्त गर्नु । भवानी भिक्षु, कथामा नारीका पक्षमा उभिएका छन् । भिक्षुले यौनलाई गरिमायुक्त मानवीय मूल्यको रूपमा ग्रहण गरेका छन् । कथाकार भिक्षुले आर्थिक दुरावस्थाको चित्रण र पात्रको मानसिक अवस्थाको विश्लेषणमा मात्र केन्द्रित भएर विशिष्ट भौतिक परिस्थितिलाई कारण बनाई त्यसको कार्य वा परिणामको रूपमा मानसिक स्थिति वा मनोदशाको चित्रण गरी आफ्नो प्रवृत्तिलाई कथामा डोऱ्याएका छन् ।

कथामा भिक्षुले अस्तित्त्ववादलाई पनि स्थान दिएका छन् । कथावस्तुमा सामाजिक यथार्थको चित्रण गर्दै कथाकार भिक्षुको कथाकारिता प्रेम, कामवासना, रतिरागबाट मुक्त हुादै अवान्तर कथा सङ्ग्रहमा सामाजिक यथार्थवादतिर उन्मुख रहेको पाइन्छ ।

# तेस्रो - परिच्छेद

# अवान्तर कथा सङ्ग्रहका कथाहरूको कथानकका अवस्था र पात्रविन्यासगत प्रवृत्ति

## ३.१ अवान्तर सङ्ग्रहका कथाहरूमा कथानकको प्रयोग

यस सङ्ग्रहमा भिक्षुले निम्न मध्यम वर्गीय परिवारका पीडा, व्यथा, शोषण र उत्पीडनलाइ विषयवस्तु बनाइ कथानकको बुनोट गरेका छन् । कथामा बालमनोविज्ञान र यौनलाइ पनि स्थान दिइएको छ । शोषित पात्रहरूलाइ सहानुभूति प्रकट गर्ने काम पनि कथानकमा गरिएको छ ।

### ३.१.१ 'एक पैसा' कथामा कथानकको प्रयोग

'एक पैसा' कथा नेपालमा माग्नेहरूको अवस्था र तिनीहरूले भोग्नु पर्ने समस्याहरूलाई पृष्ठभूमि बनाइ लेखिएको कथा हो । यस कथामा कथाकार म पात्रका रूपमा उपस्थित भएका छन् । म पात्र आफ्नो कामको सिलसिलामा लाजिम्पाटतिर जाादा बाटामा एक जना जीर्ण शेर्पा आइमाई आफ्नो भर्खर जन्मेको नवजात शिशुलाई काखमा राखेर बच्चाको नाउामा पैसा माग्छे । नारी प्रसवपछि खानुपर्ने कुनै कुरा उसले खान पाएकी हुन्न । उसले बच्चाको लागि पैसा माग्नु बच्चाको नरम ओठले मातृ स्तनको खोजी गर्नु, म पात्रले एक पैसा दिनु, 'सानुले मनभोग खाादैन त्यतिकै सानुको नाउा बेचेर पैसा नमाग', माग्ने आइमाइलाई भन्नु , म पात्रले सानुको लागि भन्दा पनि आफ्नै लागि पैसा माग भन्नु, म पात्रले दुई, तीन दिन नियमितरूपले एक पैसा दिनु, सानुलाई राम्ररी स्याहार भन्दै म पात्र त्यहााबाट जानु, त्यपछि म पात्र लाजिम्पाटतिर जान नपाउनु आदि जस्ता घटनाक्रम कथानकको आदि भागमा आएका छन् ।

त्यसैगरी म पात्रका मनमा सानुलाई एक रूपिया दिने मन हुनु, आफ्नो कामले गर्दा लाजिम्पाटतिर जान नभ्याउनु, एक रूपिया एकै पटक दिए आइमाईले अन्य काममा पो खर्च गर्छे कि भन्ने शङ्का गर्नु, केही दिनपछि म पात्र सानुलाई भेट्न लाजिम्पाटतिर जानु, सानुका बारेमा अनेक कल्पना गर्नु लाजिम्पाट पुग्दा सानुलाई नदेख्नु आइमाई रून थाल्नु खान नपाइ सानुको मृत्यु हुनु, जस्ता घटना कथाको मध्य भागमा आएका छन् । त्यस्तैगरी सानुलाई प्रशस्त मनभोग खुवाउन भनेर गएका म पात्र सानुको मृत्यु भएको सुन्दा मर्माहत

बन्दै फर्कन्छन्, "सानु यहाां छ । अहिले पनि पकेट भित्रै छ यही खल्तिमा छ ।"[१५] भन्दै पकेटभित्र पैसा कराएको अनुभव गर्नु जस्ता घटनाक्रम कथानकको अन्त्य भागमा आएका छन् ।

'एक पैसा' कथाको कथानक आदि, मध्य र अन्त्यमा क्रमिक विकासबाट अघि बढी कथानकले आङ्गिक पूर्णता पाएकाले कथानकको ढाँचा रैखिक रहेको छ । कथाकारले नेपालीहरूको एक पैसाको जीवनको बारेमा चित्रण गरेका छन् । कथाको अन्त्य कारूणिक रूपमा भएको छ ।

### ३.१.२ 'एउटा छर्लङ्ग प्रेम' कथामा कथानकको प्रयोग

एउटा छर्लङ्ग प्रेम कथा कथा तिब्बती समाजमा रहेको स्वतन्त्रताको साथै त्यहाा प्रचलित बहुविवाहलाई पृष्ठभूमि बनाएर लेखिएको कथा हो ।

योन्देन र याङ्जी तिब्बतको स्थायी बासिन्दा हुन् । उनीहरू एक आपसमा प्रेम प्रकट गर्न विभिन्न रमाइला ठाउाहरू घुम्नु आदि जस्ता घटनाहरूले गाउा गाउामा सनसनी मच्चाएको थियो । केही समयको मोजमज्जापछि पुत्र जन्मे पनि उनीहरूको प्रेममा कुनै कमी आएको थिएन । योन्देन याङ्जी जस्ती परमसुन्दरी युवती पाएकोमा गर्वानुभूति गर्दथ्यो । याङ्जी योन्देनलाई जिस्काउनु, योन्देनको प्रेमालाप पूरा नहुदै याङ्जी भाग्नु याङ्जीले हेप्नु जस्ता घटनाक्रमहरू कथानकको आदि भागमा आएको छ ।

याङ्जी नेपाली युवक अनङ्गप्रति आकर्षित हुनु, अनङ्गलाई जिस्काउनु, योन्देनले याङ्जी अनङ्गप्रति आकर्षिकतभएको थाहा पाउनु ,याङ्जीले अनङ्गलाई एक दिन नदेख्दा असजिलो महसुस गर्नु अनङ्गलाई देख्दा निलाु जस्तो गर्नु ,गाला चपाउनु अनङ्गले असहृय भएपछि याङ्जीलाई पीठोको डल्लो माडे झै माड्नु ,याङ्जी शिथिल हुनु अन्ततः दुबै विवाह बन्धनमा बााधिनु जस्ता घटनाक्रमहरू कथानकका मध्य भागमा आएका छन् । याङ्जीले योन्देनलाई भेट्दा छोरालाई सोध्नु योन्देनले याङ्जीलाई भेट्दा अनङ्गले जति मैले पनि माया गर्न सक्छु भन्नु, योन्देन भित्रभित्रै जल्नु आदि जस्ता घटनाहरू कथानकको अन्त्य भागमा आएका छन् । यसरी कथाको अन्त्य भएको छ ।

आदि, मध्य र अन्त्यको क्रमिक विकासबाट कथानकले आङ्गिक पूर्णता पाएकोले कथानकको ढाँचा रैखिक रहेको छ । याङ्जी र अनङ्गको जीवन सुखी भए पनि योन्देन भने

[१५] भवानी भिक्षु. *अवान्तर.* काठमाडौं : साझा प्रकाशन. २०३४. पृ.११ ।

परिबन्द र विवशताले गर्दा भित्र भित्रै जलेकाले कथानकले अन्त्य कारूणिक रूपमा भएको छ ।

### ३.१.३ भ्रष्ट यज्ञ कथामा कथानकको प्रयोग

भ्रष्ट यज्ञ कथामा पवित्र र पुनीतकार्यमा लागेका मानिसहरू पनि कसरी पद र पैसाको घमण्डले भ्रष्ट हुन्छन् भन्ने विषयवस्तुलाई पृष्ठभूमि बनाइ लेखिएको कथा हो । कथानकको शुरूवातमा बुद्धिज्यामीहरू आ-आफ्ना काममा व्यस्त रहेका हुन्छन् । त्यही क्रममा म्यानेजरसागै पियनको आगमन हुन्छ । पियनले एउटा बुद्धिज्यामीलाई आफ्नो प्रकाशनबाट प्रकाशित हुन लागेको म्यागिजन प्रकाशित नभएकोमा सोध्छ । बुद्धिज्यामीले सम्पादकीय बााकी रहेको जानकारी दिन्छ । यसै क्रममा म्यानेजरले साहित्यमा जम्मा तीनवटा कुराहरू रहेको बताउाछ । म्यानेजरले साहित्यलाई यसरी प्रष्ट पार्दछ । “साहित्य भनेको पनि त्यही पैसा नै होइन ? जान्ने वा ज्ञानी पहिले पैसा दोस्रो आराम र मोजमज्जा आइमाई पनि तेस्रो चाहि एउटालाई अर्को सित जुधाइदिने काम ।”[१६] म्यानेजरको पण्डित्याइ सुनेर बुद्धिज्यामी त्यहाबाट फर्कनु, आफ्नो टेबलमा गएर जागिर खान आउादा मालिकले भनेको कुराबाट छोराछोरी स्वास्नी सम्भन्नु, बुद्धिज्यामी अनेक चिन्तनमा डुब्नु म्यानेजरले भावहीन कविता सुनाउनु बुद्धिज्यामीले सारै राम्रो कविता भन्नु, त्यहि क्रममा वासले भनेका कुरा सम्भन्नु मालिकको आगमन हुनु जस्ता घटनाक्रमहरू कथानकको आदि भागमा आएका छन् । यस्तै मालिकले व्यापारको बारेमा म्यानेजरलाई सोध्नु, म्यानेजर अक्क न बक्क हुनु, मालिक चिन्तित हुनु म्यानेजरले पत्रकारको ग्राहक सङ्ख्या नघटेको जानकारी दिनु । कर्मचारीको काम कारबाहीका बारेमा मालिकलाई जानकारी दिनु म्यानेजरले सबै कर्मचारी नभए पनि एक्लै काम चलाउन सक्छु भन्नु, मालिकले सबै कुरा थाहापाएभन्नु मालिकले साहित्यको बारेमा म्यानेजरलाई जानकारी दिनु, मालिकका कुरा पछि म्यानेजरले बिराएकी भन्नु, मालिकले यो मेरो व्यापार नभई आत्मशुद्धिको एउटा कार्य हो , भन्नु आदि जस्ता घटनाक्रमहरू कथानकको मध्य भागमा आएका छन् । त्यस्तै म्यानेजर चुप लागी वासको अगाडिको कुराको प्रतीक्षा गर्नु वासले म्यानेजरलाई आफूले चाहेको जस्तो गरी प्रतिष्ठान चलाउन सकेनौं भन्नु आफ्नो पैसा कतैबाट भासिएको नदेख्नु र पैसा भन्दा पनि म्यानेजरको फोस्रो घमण्ड र प्रवृत्ति भासिएको देख्नु मालिकले म्यानेजरलाई तिम्रो प्रवृत्तिले गर्दा आफ्नो यज्ञ सखाप भएको छ भन्नु, म्यानेजरले कर्मचारीलाई आफूखुसी गर्न छोडिदिनु

[१६] पूर्ववत् पृ.१३ ।

भन्नु वासको अनुहारमा व्याङ्ग्यको मुस्कान देखा पर्नु प्रतिष्ठाको धन्दा अब चल्दैन भन्नु, पैसा कमाउन र नाउा चलाउन परे म्यानेजरलाई खोज्ने जानकारी दिनु यज्ञमा होताको पद पाएको तर त्यसलाई उपयोग गर्न सकेनौ भन्नु, यज्ञलाई भ्रष्ट यज्ञ नै रहोस् भन्नु आदि जस्ता घटनाक्रमहरू कथानकको अन्त्य भागमा आएका छन् ।

आदि, मध्य र अन्त्यको क्रमिक विकासबाट कथानकले आङ्गिक पूर्णता पाएकोले कथानकको ढाँचा रैखिक रहेको छ । म्यानेजरको फोस्रो घमण्डी प्रवृत्ति र अहङ्कारले गर्दा यज्ञ पवित्र नभई भ्रष्ट यज्ञ बन्न पुगेको छ ।

### ३.१.४ ईश्वर, खुदा, गडका कान, कथामा कथानकको प्रयोग

ईश्वर, खुदा,गााडका कान, कथा बालकको अन्तर्मनको विश्लेषण गरी लेखिएको कथा हो । मिष्टर खानलाई पुत्ररत्न प्राप्त हुनु खानले परराष्ट्रको उच्च पदाधिकारीको रूपमा जागिर खान थाल्नु लोग्ने स्वास्नीको सुखद् र सम्पन्न परिवारमा तुषारलाई सुखमय वातावरणमा परिपालन गर्नु, तुषार विस्तारै बढ्दै जानु तुषारको टाउको पलङ्साग ठक्कर खानु उसले रोदन मिश्रित भावमा बाबु आमासाग गुनासो गर्नु बालकको रोदनसाग बाबुआमा पनि रूनु बाबु आमाले बालकप्रति स्नेही भाव देखाउनु आदि घटनाक्रमहरू कथानकका आदि भागमा आएका छन् ।

बङ्गालको ढाका शहरमा लडाइा सुरू हुनु, मिष्टर खानको सम्पन्न परिवारमा क्रान्ति प्रवेश हुनु, मिष्टर खानको गोली हानी हत्या गरी श्रीमती शवनमलाई लछार पछार गरी घिसार्दै अपहरण गर्नु अवोध बालक एक्लो हुनु, कोठाभित्र सुललित, माया लाग्दो मसिनो हाासेको स्वर सुनिनु, बालकप्रति सैनिकहरू आकर्षित हुनु, बालकको आमा बाबुको प्रतीक्षा गर्नु बाबु आमा नआएपछि पलङ्बाट उठेर बामे सर्दै यता उति हेर्दा अपरिचित अनुहार देख्नु बन्दुक, हतियारलाई खेलौना ठान्नु, काटमार, रक्तपात आदि दृश्यबाट व्याकुल सैनिकहरू बालकको मधुर मुस्कानबाट आनन्दानुभूति गर्नु, जस्ता घटनाहरू मध्य भागमा आएका छन् । अफिसरले सैनिकलाई बालकको हत्या गर्ने आदेश दिनु, सैनिकहरूले आफ्ना बच्चाहरूको स्मरण गर्दै बचाउने प्रयास गर्नु र भन्नु, “हजुर ! यो त बहुतै प्यारो भोला भाला बच्चा छ, हाास्दै छ, यो त फूल हो हजुर ! यसलाई छौडौं । बरू मै पाल्छु ।”[१७] जस्ता

[१७] पूर्ववत् पृ. २६ ।

मानवतावादी भाव व्यक्त गर्दा अफिसर आक्रोशित हुनु र बालक प्रति जाइलाग्नु, “दर्पसाथ अफिसरले भुईमा बसेर बच्चातिर राइफल सोझ्यायो ।”[१८]

यसरी कथानकमा अबोध निर्दोष बालक र उसको मातापिताको द्वन्दको मारमा परी दुःखद् अवसान भएको देखाइएको छ । आदि ,मध्य र अन्त्यको क्रमिक विकसबाट कथा अघि बढेकाले कथानकको ढाचा रैखिक रहेको छ ।

### ३.१.५ 'पाइप' कथामा कथानकको प्रयोग

बालकले निर्दोषपनको भाव व्यक्त गदै संसारबाट साधौका लाीग विदा हुनु जस्ता घटना कथाको अन्त्य भागमा आएका छन् ।कथाको कथानक रैखिक ढाीचामा अघि बढेको छ । अफिसरले बालकको हत्या गरेकोले कथाको अन्त्य कारूणिक रूपमा भएको छ । पाइप' कथा बाध्यताले गर्दा देह व्यापार गर्ने युवतीको कथालाई आधार बनाई लेखिएको कथा हो । युवतीसाग भेट भएपछि युवकले देह व्यापार गर्नु परेको कारण सोध्नु, युवतीले काठमाडौंमा आफू जस्ता अनेकन केटीहरू भएको बताउनु, युवकको युवती प्रति आदर भाव जाग्नु युवतीले आफूले शरीर बेच्न थालेपछि आफूलाई हीन मान्न विर्सिएको कुरा गदै आफूले पुरुषमाथि विजय गरेको छु भन्नु, आफ्ना बाबु आमा गरिब परिवारको मानिस भएको आफूले आफ्नै भरमा उच्च शिक्षा हासिल गरेको परिवारको जेठो सन्तान भएको अरू भाइबहिनी जन्मेकोले आफ्नो खर्च घरबाट कटौती भएको काकाको छोरीले लगाएको सारी प्रति आकर्षक हुनु, काकाको छोरासाग निकै हिमचिम हुनु जस्ता घटनाक्रमहरू कथानकको आदि भागमा आएका छन् । युवतीले आफ्नो भाइ जन्मे पछि आमालाई यो कहााबाट आयो भनेर सोध्नु आमाबाट उचित जवाफ नपाउनु, केटीहरू तरूणी भए पछि कामवासनाको सीमा नाघ्ने दैलोको चुकुल फुकाल्ने काम घरबाटै हुने कुरा बताउनु युवतीले पाचौा भाइ जन्मेपछि पुरुष र स्त्रीको सम्भोगलाई सामान्य कुरा मान्नु, दाजुले सारी ल्याएर दिइ आफूतिर आकर्षित गर्दै युवतीसाग यौन क्रियाकलाप गर्नु । आदि घटना कथानकको मध्य भागमा आएका छन् ।

युवतीले कथा यति मात्र नभइ, बाबु-आमाले बच्चा जन्माइराख्नु, गरिबी, अभाव र परिवार सम्पन्न लवाइ-खवाइ नभएको जानकारी दिनु, दाजुले मौका पाउनासाथ शरीरको उपभोग गर्नु यसै क्रममा युवतीलाई उच्च शिक्षाको आकाङ्क्षा हुनु, शरीर व्यावसाय चलाएर वि.ए. सम्म उत्तीर्ण गर्नु, घरको व्यय चलाउनु, सहवासका समयमा स्खलन मात्र आफ्नो

[१८] पूर्ववत् पृ. २५ ।

पर्खाइ भएको कुरा गर्नु रति र विलास उमङ्ग वा आवेश, साथै मनको संलग्नता जसबाट मनको संभोग प्रक्रियामा आनन्दजनित विह्वलताको सिर्जना हुन्छ ।त्यस्ता चेतना आफूमा सखाप र निर्वोध भएको कुरा गर्नु आफू पाइप भएको कुरा गर्नु, युवती उठेर जानु र युवक अपदार्थ जस्तै बेन्चमा बसिरहनु आदि घटनाहरू कथानकको अन्त्य भागमा आएका छन् । उक्त कथाको कथानक आदि, मध्य र अन्त्यको विकासबाट रैखिक ढाँचामा क्रमबद्ध रूपमा लेखिएको छ । प्रस्तुत कथाको अन्त्य कारूणिक रूपमा भएको कुरा युवतीको पीडा र वेदनाबाट स्पष्ट हुन्छ।

### ३.१.६ 'ज्ञात भए जति' कथामा कथानकको प्रयोग

आफ्नो अस्तीत्व बचाउन गरेको संघर्षलाई आधार बनाइ लेखिएको ज्ञात भए जति कथामा अस्तीत्ववादलाई महत्त्व दिइएको छ । कथाकी पात्र कल्पनादेवीले आफ्नो घर छोडेर नजिकैको घरमा भाडा तिरेर बस्न थाल्नु, म पात्र जानु, कल्पनादेवीले आफू बहालमा बस्न आउनु परेको कारण बताउनु, म पात्र अन्योलमा पर्नु, म पात्र र कल्पनादेवीका बीचमा समाजका बारेमा कुरा हुनु, म पात्रले नीलकण्ठलमई भेटेर कल्पनादेवीको बारेमा बुझ्दा, सामान्य कुरामा घर छोडेर हिडेको भन्दै नीलकण्ठले अर्की स्वास्नी ल्याउने कुरा गर्नु । म पात्र उठेर जानु, कल्पनादेवीले नीलकण्ठ आउनु भएको र घर फर्कन आग्रह गरेको कुरा गर्नु, "माइतीघर बाबुआमा छोड्नु, दाम्पत्य ! होइन ।"[१९] कल्पनादेवीले स्वयंलाई अस्वीकार गर्नुपर्ने कुनै बाध्यता नभएको कुरा गर्नु उनले विवाह अपदार्थ भएको कुरा गर्नु, म पात्र त्यहााबाट जानु आदि घटनाक्रमहरू आदि भागमा आएका छन् । म पात्र नीलकण्ठ कहाा जानु, नीलकण्ठले दुई विवाह गर्न कानुनले नरोक्ने कुरा गर्नु, "कानुन ? धेरै देखेको छु । परवाह छैन । गरोस्न कानुनको प्रयोग । 'अर्थ' अर्थ हो  कानुन निरर्थक हो । आाटे भने आाटे ।"[२०] म पात्र कल्पनादेवी कहाा गई नीलकण्ठले अर्को विवाह गर्न लागेको कुरा गर्दा, कल्पनादेवीले कानुनसित पत्नीत्वको भीख नमाग्ने कुरा गर्नु आदि घटनाक्रमहरू कथाको मध्य भागमा आएका छन् ।

कल्पनादेवीले कोठा छोडेर अन्तै जानु नीलकण्ठले अर्को विवाह गर्नु म पात्रले विगतका कुरा सम्झनु, नीलकण्ठले कल्पनादेवीमाथि अपराध गरेको ठान्नु सारा जानकारी एक्कासी मात्रै पाइन्छ । कल्पनादेवीको गृह त्याग, नीलकण्ठज्यूको बिहा फेरी कल्पनाज्यूको विलुप्ति आदि घटनाक्रमहरू कथानकको अन्त्य भागमा आएका छन् । आदि, मध्य र

---

[१९] पूर्ववत् पृ. ३९ ।
[२०] पूर्ववत् पृ. ४१ ।

अन्त्यबाट रैखिक ढााचामा क्रमबद्ध रूपमा कथानक विकसित भएको पाइन्छ । यहाा कल्पनादेवी नीलकण्ठ र म गरी तीन पात्रका बीच घटिन घटनाहरूले द्वन्द्वात्मक अवस्था सिर्जना भएको देखिन्छ ।

### ३.१.७ 'भालुका बच्चाः मानिसका बच्चा' कथामा कथानकको प्रयोग

उक्त कथाको कथानकमा मानवेत्तर पात्रको प्रयोग गरी जनावरहरू मार्नु निन्दनीय हो । पोथी जनावर मारेपछि उसको बच्चाहरूको संरक्षणको अभाव खड्किने र बच्चाको विचल्ली हुने गरेको कुरालाई आधार बनाइएको छ ।

कथामा म पात्र शिकारीहरूसाग शिकार गर्न जङ्गलमा जान्छन् । दुन्दुर (सुरूङ् जस्तो लामो प्वाल) मा भालु लुकेको हुन्छ । भालुलाई बाहिर निकाल्न पातपतिङ्गर जम्मा पारी आगो सल्काइ धुवाा बनाइन्छ । योजना अनुसार भालु प्वालको मोहडाबाट निस्कन्छ । साना-साना बच्चा पनि निस्कन्छन् । भालुको शिकार गर्न हात्तीको पनि प्रयोग गरिन्छ । भालुनी धुवााले अत्तालिएर रिसले चुर हुन्छे । यो कुराहरू कथाको आदि भागमा आएका छन् ।

भालुनीलाई चारैतिरबाट फायर गरिन्छ भालुनी गोली छल्दै अघि बढ्छे केटा केटीहरूमा शिकारमा हुने पर्ने अनुशासन थिएन । बाबाले ३३३ बोरको राइफलबाट भालुनीको छात्तीमा गोली प्रहार गरे । भालुनी, आइमाई मानिसको एक अनौठो आवाज निकाली रून्छे । बाबाको वरिपरी बच्चा शिकारीहरू ओभरसियर म पात्र सागै केही थारूहरू पनि आइ हेर्छन् । बाबालाई शिकार मारेपछि आनन्द आउादैन उसलाई पश्चात्ताप हुन्छ र भन्छन् । "गुरूबख्श बाबु ! शिकार भने खतरनाक जनावरका कति गरें कति आजको जस्तो मेरो चित्तमा पछुतो कहिल्यै लागेको थिएन ।"[२१] भालुनीको बच्चा अलपत्र परे भन्ने कुरामा बाबालाई मर्म परिघातले छुन्छ । यी कुराहरू कथानकको मध्य भागमा आएका छन् । थरूवाले भालुनीको बच्चा खोजेर समात्छ । भालुनीका दुई बच्चाहरू टीठ लाग्दा हुन्छन् । भूतनाथले उसलाई सुमसुम्याउाछ । बच्चा कुनै खतरा नभएको संकेत पाए पछि आपसमा खेल्छन् । भालुनीको तीन बच्चाहरू मध्ये एउटा बच्चो पाइादैन, उसको निर्मल, असहाय अवस्थाको सम्बल भगवान् थिए । यसरी कथानकको अन्त हुन्छ । पोथी जनावरको शिकार गरेपछि बच्चाहरूको संरक्षणको अभाव खड्कने कुरा कथाकारले कथानकमा देखाउन खोजेका छन् । कथा रैखिक ढााचामा अघि बढेको देखिन्छ ।

### ३.१.८ "नयाा इतिहासको प्रारम्भ' कथामा कथानकको प्रयोग

---

[२१] पूर्ववत् पृ. ६६ ।

नयाा इतिहासको प्रारम्भ कथामा स्वतन्त्रता आन्दोलनमा लाग्दा विधवा भइ दुःख पीडा भोग्नु परेको महिलाको व्यथालाई देखाउन खोजिएको छ । कथाकी प्रमुख पात्र षोडषी प्रभा स्वतन्त्रता आन्दोलनमा भाग लिन्छे । उसको आफन्तलाई यो कुरा मन पदैन र बाबु दाइ भाइहरूले उसलाई खाने, बस्ने, उठ्ने बेलामा लगातार घोचपेच गर्दै यसो भन्छन् । “नेपाल स्वतन्त्र गराउने ? तैले गर्दा हाम्रो जागिर खोसियो । इज्जत गयो, मालिकहरू रिसाए । तेरो स्वतन्त्र नेपाल कहाा छ तेरो विश्वेश्वर किन आउादैन तेरो जिन्दावाद मुर्दा कसरी भयो ?”[२२] तराइको मध्यवित्त परिवारमा प्रभाको विवाह हुन्छ, उसले छोरो जन्माउाछे र छोराको नाम स्वतन्त्रकुमार राख्छे । नेपाल स्वतन्त्र हुनेछ भन्ने विश्वास प्रभामा हुन्छ । यी घटनाहरू कथाका आदि भागमा आएका छन् । त्यस्तै नेपाली काङ्ग्रेसका सशस्त्र सैनिकबाट वीरगन्ज शहर कब्जा हुन्छ । प्रभा खुसी हुन्छे । प्रभाको लोग्नेलाई मन पर्दैन, वीरगञ्जमा काङ्ग्रेस सरकार बन्छ, विश्वेश्वर र सुवर्ण शमसेर वीरगञ्ज आउनु, भैरवामा लडाइ शुरू हुन्छ परासी कब्जा हुन्छ । प्रभाका गाउालेहरू तर्सिन्छन् । प्रभाले आश्वासन दिन्छे । देशमा सीजफायर हुन्छ । मन्त्रीमण्डल गठन भई नेपालमा प्रथम प्रजातन्त्रको स्थापना हुन्छ । प्रभाको गाउामा लडाई बन्द हुादैन, गाउाकी अन्नपूर्णदेवीको हत्या हुन्छ । एक दिन गाउामा काङ्ग्रेसका सैनिकहरू १७ बोरा चामल र १० हजार रूपैंया जम्मा गर्ने आदेश दिन्छन् । प्रभाले प्रतिकार गर्छे । उसलाई गाउालेले सहयोग गर्छन् । भोलिपल्ट काङ्ग्रेस सेनाद्वारा गाउा घेरिन्छ र अन्धाधुन्ध गोली चलाइन्छ । बुहारीहरूको लज्जा लुटिन्छ । प्रभाको लोग्ने मारिन्छ । डााकाहरू आई गाउामा अपराधको उत्सव मनाउाछन् । यी कुराहरू कथाको मध्य भागमा आएका छन् ।

त्यसैगरी दिनभरको डरलाग्दो वातावरणपछि गाउालेहरूले मारिएकाहरूको अन्तिम संस्कार गर्न घटनास्थलमा जम्मा हुन्छन् । प्रभा स्वतन्त्रताको नाममा बिधवा हुनुमा सम्पूर्ण घटनाको दोष पुर्पुरोलाई दिन्छे । प्रभाले पापीहरूले सजाय पाउने र गाउामा शान्ति हुने कुरामा आशा राख्छे । भैरहवाबाट एकजनाले मन्त्रीज्यूको आदेशमा अपराधी छुटेको कुरा गर्छ । प्रभाले सेतो सादा लेगा चुरा नभएको हात र श्रृङ्गार रहित आङमा दृष्टि पुऱ्याउादै उसलाई आफ्नो खुट्टामुनिबाट भुईं खस्न लागेको अनुभव हुन्छ । यी घटनाहरू कथानकको अन्त्य भागमा आएका छन् ।

---

[२२] पूर्ववत् पृ. ६९ ।

आदि मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा रैखिक ढाचामा कथानक अघि बढेको छ र कथाले आङ्गिक पूर्णता पाएको छ । कथानकको शुरूवात सुखद् रूपमा भए पनि अन्त्य चाहि कारूणिक रूपमाा भएको छ ।

**तालिका नं. - २**

## ३.२ अवान्तर कथा सङ्ग्रहका कथाहरूको प्रमुख घटनागत तालिका

| कथा शीर्षक | प्रमुखघटना | ढाचा |
|---|---|---|
| १. एउटा छर्लङ्ग प्रेम कथा | जीवन भर साग सागै बाच्ने र मर्ने कसम खाएर विवाह बन्धनमा बाधिएका दम्पति सामाजिक परम्पराले गर्दा एक आपसमा बिछोडिन बाध्य दाम्पत्य जीवनको कुनै भरोसा नभएको तिब्बती परम्परा । | रैखिक |
| २. एक पैसा | गरिवीका कारण सानु जस्ता अनेकौं निर्दोष बच्चाहरू भोकमरीका कारण संसार चिन्न नपाई मृत्यु वरण गर्न विवश छन् । | रैखिक |
| ३. भ्रष्ट यज्ञ | मालिकले नाम दाम र इज्जत कमाउनका लागि नभई आत्माशुद्धिको लागि स्थापना गरेको साहित्य साधनाको पवित्र यज्ञलाई भ्रष्ट यज्ञमा परिणत गराउने म्यानेजरी प्रवृत्ति, तल्लोस्तरका कर्मचारी दविएर बस्न बाध्य । | रैखिक |
| ४. ईश्वर खुदा गाडका कान | बाल संसारको सुन्दरता र निर्दोषपनलाई युद्धले बुझ्न नसकी निष्कलङ्क व्यक्ति मारमा परेका छन् । | रैखिक |
| ५. पाइप | आर्थिक अभावले गर्दा घर खर्च चलाउन र पढ्नको लागि देह व्यापार जस्ता घृणित पेशा आगाल्न बाध्य भएकी युवतीबाट पुरुषमाथि विजय प्राप्त गरेको ठान्छे । | रैखिक |
| ६. ज्ञात भए जति | प्रत्येक मानिसको आ-आफ्नै अस्तित्त्व हुन्छ, र त्यसलाई बचाउन हरेक मानिस कुनै न कुनै रूपमा सफल हुन्छ आफ्नो अस्तीत्व बचाएर स्त्री जातीको प्रतिनिधित्व गरेकी छन्, कल्पनादेवीले । | रैखिक |
| ७.'भालुका बच्चा: मानिसका बच्चा' | भालुनीको शिकारपछि उसको बच्चाको विचल्ली भएकाले शिकारीलाई पछुतो लागेको छ । | रैखिक |
| ८. नयाा इतिहासको प्रारम्भ | प्रजातन्त्रको लागि लडाइा लडेका जनताहरू प्रजातन्त्र आएपछि तिरस्कृत भएका छन् । पूर्वशासकका दलालहरू छेपाराले रङ फेरेझैं नयाा इतिहासमा प्रवेश गरी फाइदा लुटेका | रैखिक |

| कथा शीर्षक | प्रमुखघटना | ढाँचा |
|---|---|---|
| | छन् । प्रजातन्त्र प्राप्ति पश्चात् पनि स्वतन्त्रताको अनुभूति जनताले पाउन नसकेको हत्याहिंसा बलात्कार बढी देशमा अराजकता बढेको छ । | |

## ३.३ अवान्तर सङ्ग्रहका कथाहरूको पात्र विन्यासगत प्रवृत्ति

### ३.३.१ पात्र प्रयोगका दृष्टिले 'एउटा छर्लङ्ग प्रेमकथा'

पात्र कथानकलाई गतिशील बनाउने तत्त्व हो । याग्जी र अनङग यस कथाका प्रमुख पात्र हुन् भने योन्देन सहायक पात्र हो । याग्जी र योन्देनको छोरो चाहिं गौण पात्र हो । याङ्जी कथाकी प्रमुख नारी पात्र हो । सम्पूर्ण कथा उसकै वरिपरि घुमेको छ । याङ्जी भर्खर यौवनावस्थामा प्रवेश गरेकी तिब्बती केटी हो । उसको सौन्दर्यले योन्देनलाई आकर्षित बनाएको हुन्छ । याङ्जी र योन्देनका बीचमा प्रेम हुादाहुादै विवाह पनि हुन्छ । याङ्जीको स्वभाव पनि चञ्चल खालको हुन्छ । ऊ कुनै राम्रो  युवक देख्ने बित्तिकै आकर्षित हुन्छे । याङ्जीले नेपाली युवक अनङ्गलाई मन पराउाछे । उसले अनङ्गलाई जिस्काउने बाटो छेक्ने जस्ता क्रियाकलाप गर्छे । अनङ्गप्रतिको आकर्षणले गर्दा उसले योन्देनलाई छोडेर अनङ्गसाग वैवाहिक सम्बन्ध गाास्न पुग्छे । याङ्जी यस कथामा अनुकूल गतिशील, वर्गीय, मञ्चीय तथा बद्ध पात्रका रूपमा देखापरेकी छे ।

अनङ्ग यस कथाको प्रमुख पुरुष पात्र हो । अनङ्ग आकर्षक रूप भएको भर्खरको जवान, जिउ सलक्क परेको स्वस्थ, पुष्ट र सुन्दर, सुगठित, आङमा ट्याम्म हानेर जिस्क्याउादा पनि उसले ध्यान दिदैनथ्यो । याङ्जीले उसलाई झम्टने, गाला टोक्ने गर्दा पनि ऊ याङ्जीप्रति आकर्षित भएको थिएन । हुनत : यौवनको उन्माद अनङ्गमा पनि नभएको होइन, याङ्जीको टोकाइ, झम्टाइ सहन नसकेर उसले एक दिन याङ्जीलाई उसको अङ्ग-अङ्गमा माडेर बदला लिन्छ । अन्ततः अनङ्ग याङ्जीलाई विवाह गर्न बाध्य भयो । यस कथामा अनङ्ग अनुकूल मञ्चीय गतिशील, बद्ध पात्रका रूपमा देखापरेको छ ।

योन्देन यस कथाको सहायक पुरुष पात्र हो । ऊ तिब्बती युवक हो । योन्देन याङ्जीको सौन्दर्यले मोहित भएर प्रेम गर्न थाल्छ । उसले याङ्जीलाई विवाह गर्छ । योन्देन याङ्जीबाट हेपिएको हुन्छ । यसले याङ्जीलाई अति माया गर्छ । याङ्जीले जे गरे पनि तिब्बती समाजको परिबन्दले गर्दा केही गर्न नसकी सहन बाध्य हुन्छ । आफ्नो र याङ्जीको प्रेमको चिनोको रूपमा छोरालाई पालेर बस्न बाध्य हुन्छ । योन्देन सामाजिक परिबन्द र

निर्णयले पिसिएको निरीह पात्र हो । यसरी हेर्दा ऊ अनुकूल गतिशील मञ्चीय बद्ध पात्रका रूपमा यस कथामा आएको छ ।

## ३.३.२ पात्र प्रयोगका दृष्टिले 'एक पैसा' कथा

'एक पैसा' कथा अल्प पात्र भएको कथा हो । यसमा नवजात शिशु सानु बालककी आमा र स्वयं कथावाचक गरी तीन जना पात्र रहेका छन् । यस कथाको मुख्य पात्र नवजात शिशु सानु हो भने म पात्र र बालककी आमा सहायक पात्रका रूपमा आएका छन् । नवाजत शिशु सानु यस कथाको मुख्य पात्रको रूपमा आएको छ । सम्पूर्ण कथा उसकै सेरोफेरोमा घुमेकाले सानु यस कथाको मुख्य पात्र हो भन्ने प्रमाणित हुन्छ । म पात्र कामको सिलसिलामा लाजिम्पाट तिर जाने क्रममा सानुसाग उसको भेट हुन्छ । सानु, नरम, पातलो ओठ भएको एक डेढ महिना जतिको बच्चो हो । उसले धर्तीमा पदार्पण गरेपछि मातृस्तनबाट प्राप्त हुने दूध खान पाएको छैन । उसले उसकी आमाले मागेको पैसाबाट किनेको मनभोग पेटभर खान पाउादैन । सानुको अन्त्य खान नपाई, कुपोषण र भोकमरीबाट भएको छ ।

त्यस्तै म पात्र यस कथाको सहायक पुरुष पात्र हो उसले नै यस कथाको कथानकलाई अघि बढाएको छ । ऊ दयालु मन भएको मानिएको छ । उसले सानुको अवस्था देखेपछि पैसा दिन्छ । उसले सानुकी आमालाई सानुका नाममा पैसा मागेर अन्य काममा नलगाउन भन्छ । ऊ केही समय लाजिम्पाटतिर जान नपाउादा चिन्तित हुन्छ । ऊ केही समपछि लाजिम्पाटतिर जाादा सानुको मृत्यु भएको थाहा पाएर चिन्तित हुादै घर फर्कन्छ । त्यस्तै जीर्ण शरीर भएकी शेर्पा आइमाई यस कथाकी सहायक नारी पात्र हो । ऊ प्रसवपछि महिलाले खानुपर्ने पौष्टिक आहार खान नपाएर निकै कमजोर भएकी छे । ऊ आफ्नो स्तनबाट दूध न आउादा सानुलाई मनभोग खुवाउनको लागि बाटो हिंड्नेसाग पैसा माग्न बाध्य हुन्छे । यो आइमाई मातृवात्सल्य भएकी पात्र हो । ऊ आफ्नो छोरा सानु खान नपाई मरेकाले निकै पीडा बोध गर्दै रून्छे ।

### ३.३.३ पात्र प्रयोगका दृष्टिले भ्रष्ट यज्ञ कथा

म्यानेजर, बास, बुद्धिज्यामी र अन्य बुद्धिज्यामीहरू यस कथाका पात्रहरू हुन् । म्यानेजर यस कथाको प्रमुख पात्र हो । वास र बुद्धिज्यामी सहायक पात्र हुन् भने अन्य बुद्धिज्यामीहरू गौण पात्र हुन् ।

कथाको प्रमुख पात्र म्यानेजर भारतको बम्बई शहरमा रहेको साहित्य प्रष्ठिानको म्यानेजर हो । उसले आफ्नो पदको आडमा कर्मचारीहरूलाई थर्काएर राखेको हुन्छ । साहित्य भनेको पैसा हो भन्दै पैसालाई थुत्न जान्नुपर्छ भन्ने उसको धारणा छ । त्यस्तै म्यानेजरले साहित्यलाई पैसा आराम, मोजमज्जा, आइमाई र एउटालाई अर्कोसित जुधाउनु हो भन्छ । उसले बुद्धिज्यामीलाई भावहीन र दुष्ट अनुहारले  कविता सुनाउाछ । उसको कवितामा शब्दहरूको जोरजाम मात्र हुन्छ । वासले कविताका बारेमा सोद्धा उत्तर दिन सक्दैन । बासका अगाडि ऊ निरीह बन्छ । म्यानेजर यस कथामा प्रतिकुल, गतिशील, वर्गीय पात्र हुादाहुादै पनि प्रमुख पात्र हो ।

बास यस कथाको सहायक पात्र हो । ऊ बम्बईको स्थायी बासिन्दा हो । उसले साहित्य प्रतिष्ठानलाई यज्ञको रूप मानेको छ । उसले कर्मचारीहरूलाई “तपाईहरूको यो नोकरी होइन तपाईहरूबाट सम्पन्न गराइने कार्य पूजा हो, अनुष्ठान हो । अनुष्ठानपूर्ति ज्ञानीहरूको नैतिक कर्तव्य हो ।”[२३] उसले नाम, दाम, इज्जतका लागि नभई आत्म परिष्कारका लागि यज्ञ थालेको हो भन्छ । उसले म्यानेजरलाई ज्ञानका बारेमा र आफ्नो प्रष्ठिानका बारेमा जानकारी माग्छ । उसले ज्ञानमा जातीय विशुद्धताको अनिवार्यता हुन्छ । उसले म्यानेजरलाई यस पवित्र यज्ञमा तपाईले होताको भूमिका निर्वाह गर्न नसक्नाले भ्रष्ट यज्ञमा परिणत गर्नुभयो भन्छ । यसरी बास यस कथामा अनुकूल गतिशील बद्ध पात्रका रूपमा देखापरेको छ ।

बुद्धिज्यामी यस कथाको सहायक पात्र हो । उसले आफ्नो पेटका लागि त्यस साहित्य प्रतिष्ठानमा जागिर खाएको हुन्छ । उसले जागिर खाादा मालिकका अगाडि लाज मान्दै मालिकले भनेको कुरा नतमस्तक भएर सुनेको हुन्छ । बुद्धिज्यामी म्यानेजरको कार्यशैलीप्रति सन्तुष्ट हुादैन । बुद्धिज्यामी आफ्नो दक्षका कारण जागिर खाएको हुन्छ । तर म्यानेजरले पदको भरमा उनीहरूमाथि शोषण गरेकोमा उसलाई मन पर्दैन । ऊ म्यानेजरको कविता

---

[२३] पूर्ववत् पृ. १५ ।

मान्दैन भावहीन कविता भन्छ । बुद्धिज्यामी यस कथामा अनुकूल गतिशील वर्गीय बद्ध पात्रका रूपमा देखा परेको छ ।

### ३.३.४ पात्र प्रयोगका दृष्टिले 'ईश्वर, खुदा, गाडका कान'

पात्रहरू कथावस्तुसित सम्बन्धित विविध कथात्मक तथा उपकथानकहरूलाई गति दिने माध्यम हुन् । पात्रविना कथा अधुरो रहन्छ अर्थात् कथा नै बन्न सक्दैन । प्रस्तुत कथामा मिष्टर खान, शवनम, तुषारकुमुद सैनिक अफिसर र सैनिक पात्रहरू यस कथामा आएका छन् । तुषारकुमुद यसको प्रमुख पात्र हो भने मिस्टर खान र शवनम सहायक पात्र हुन् । सैनिक अफिसर र सैनिकहरू गौण पात्रका रूपमा यस कथामा आएका छन् ।

तुषारकुमुद यस कथाको प्रमुख पात्र हो । मिष्टर खान र शवनमको काखबाट बङ्गालको ढाका शहरमा उसको जन्म भएको हो । ऊ भर्खर बामे सर्ने उमेरको बालक हो । आमा बाबुको सुखसयलयुक्त जीवनमा तुषारलाई निकै माया ममता, हेरचाह र सुखद् र सुरूचीपूर्ण वातावरणको संस्कारमा बढ्दै गएको परिपालनमा खस्रोपना र फोहोरमैलाको परिचय नै नभएको पात्र हो । सुन्दर, परिपुष्ट र हासिलो गोरो देख्ने बित्तिकै काखमा लिन लोभ लाग्ने खालको थियो । तुषारकुमुद बामे सर्ने क्रममा एक दिन पलङसाग ठक्कर खाादा बिनाकारण आफूलाई ठोकेकोमा रोइरहन्छ । उ एकछिन चुप लाग्ने र फेरि सुाक्क, सुाक्क अनि क्रमशः बहुतै टीठ लाग्दो स्वरमा रून थाल्यो । घण्टौसम्म यही प्रक्रिया चलिरह्यो । "मि खान रून थाले, बच्चोकी आमा पनि रोइन्, मन उम्लेर आयो ।"[२४] बंगालमा भएको लडाइामा तुषारकुमुदको घरमै सैनिक पसेर उसको बाबुलाई गोली हानी मार्छन् । उसकी आमालाई घिसार्दै लगेर गाडीमा हाल्छन् । तर अबोध बालक तुषारलाई केही थाहै हुादैन । सधैं ऊ आफ्नो पलङबाट उठेर जाादा अपरिचित मानिसहरूलाई देख्छ । उनीहरूको हतियारबाट खेलौना ठान्छ । अन्तत : सैनिक अफिसरले गोली हानी तुषारको हत्या गर्छ । तुषार सदाको लागि यो संसारबाट बिदा हुन्छ । यो कथामा अबोध बाल पात्र तुषारकुमुद मुख्य पात्र हो । ऊ उचित-अनुचित, राम्रो-नराम्रो आफ्नो-पराया केही पनि नजान्ने र नबुझ्ने पात्र हो । ऊ केबल मायाको भोको छ । ऊ कहिले रूने, कहिले हाास्ने भएकाले परिवर्तनशील पात्र हो ।

मिष्टर खान यस कथाको सहायक पात्र हो । ऊ बङ्गालको ढाका सहरको स्थायी बासिन्दा हो । नवयुवक हुन आाटेकै समयमा उसको विवाह शवनमसाग भएको थियो ।

[२४] पूर्ववत् पृ. १५ ।

राम्रो शिक्षा दिक्षा प्राप्त गरेपछि उसले परराष्ट्र विभागको एउटा उच्च पदमा जागिर खान थाल्यो । उसले नितान्त निष्कपट रही सहज र सन्तुष्ट जीवन बिताउादै आएको थियो । पुत्ररत्न प्राप्त भएपछि उसले आफ्नो छोराको नाम तुषारकुमुद राख्छ । उसले छोरालाई अति माया गर्छ । अन्ततः बङ्गालमा खेलेको लडाइमा उसको घरमै सैनिकहरूले गोली हानी हत्या गर्छन् । यसरी हेर्दा ऊ गतिशील मञ्चीय, निर्दोष पात्रका रूपमा देखा पर्छ ।

शवनम यस कथाकी सहायक नारी पात्र हो । विहानको शीत बिन्दु जस्तै प्रफुल्ल, कोमल, आर्द्र र सुन्दर निश्चल अनुहार भएकी नारी हो । उसले आफ्नो श्रीमान्लाई सधैं खुशी राख्थी । आफ्नो छोरा रूादा पनि साह्रै पीर मान्ने कोमल हृदय भएकी पात्र हो । बंगालको लडाइमा उसलाई सैनिकहरूले लछार-पछार गर्दै गाडीमा राख्छन् । यसरी हेर्दा ऊ गतिशील, कोमल हृदय भएकी नारी पात्र हो ।

### ३.३.५ पात्र प्रयोगका दृष्टिले 'पाइप' कथा

'पाइप' कथामा युवती, युवक, युवतीको दाजु, युवतीका बाबु-आमा भाइबहिनीहरू, युवतीका काका-काकी र छोरी आदि पात्रहरूको उपस्थिति रहेको छ । युवती प्रस्तुत कथाकी प्रमुख नारी पात्र हो । युवक र युवतीको दाजु सहायक पात्र हो भने अन्य गौण पात्र हुन् ।

युवती यस कथाकी प्रमुख स्त्री पात्र हो । उसले उच्च शिक्षा हासिल गरेकी छे । ऊ पारिवारिक कारणले गर्दा वेश्यावृत्तिमा लागेकी छे । उसलाई वेश्यावृत्तिमा लाग्न उसकै दाजुले बाटो खोलिदिएको छ । युवती काकाकी छोरीले लगाएको सारीप्रति आकर्षित हुन्छे तर सारी किन्ने पैसा ऊसाग हुादैन । त्यसको फाइदा उठाएर उसकै काकाको छोरोले सारी किनेर ल्याइदिन्छ र आफूतिर आकर्षित गराएर उसको अस्मिता लुट्छ । युवती उच्च शिक्षा हासिल गर्ने परिवारको खर्च पुऱ्याउने बाध्यताले गर्दा वेश्यावृत्तिमा लागेकोमा युवतीमा कुनै पश्चाताप हुादैन । लोग्ने मानिसहरूलाई आफ्नो बसमा पार्न सकेकोमा ऊ विजयी ठान्छे । यसरी हेर्दा युवती यस कथाकी स्त्री प्रमुख, सकारात्मक सोच भएकी वेश्या पात्र अभावग्रस्त पात्र, वर्गीय पात्र हो ।

युवक यस कथाको सहायक पुरुष पात्र हो । उसले आफ्नो कामवासना मेटाउन युवतीसाग गएको हुन्छ । ऊ युवतीको कुराबाट प्रभावित हुन्छ । युवकले युवतीका कुराबाट अकर्षित भएर युवतीप्रति आदरभाव प्रकट गर्न थाल्छ । युवक यस कथामा युवतीको कथा विस्तार गर्ने माध्यम भएर आएको छ । युवतीको सम्पूर्ण कुरा सुनेर युवती बसेको ठाउाबाट

हिाडेपछि पनि युवक अपदार्थ जस्तै बेञ्चमा बसिरहन्छ । यहाा युवक पुरुष, सहायक, सकारात्मक वर्ग वेश्यागामी जगेडा पात्रका रूपमा यस कथामा आएको छ ।

युवतीको दाजु यस कथाको सहायक पुरुष पात्र हो । युवतीको काकाको छोरा हो । उसले युवतीको गरिबी एवं कमजोरीको फाइदा उठाएको छ । युवती सारीप्रति आकर्षित भएकी तर किन्ने पैसा ऊसाग नभएको अवस्थामा सारी किन्ने आश्वासन दिएर युवतीको गाला मुसार्ने, पीठ मुसार्ने, स्तन मुसार्ने जस्तो कार्य गर्न थाल्छ एकदिन सारी ल्याएर दिने निहुामा युवतीको अस्मिता लुटछ । यसरी हेर्दा ऊ पुरुष सहायक नकारात्मक वर्गगत, खलनायक, धूर्त, कामुक, जगेडा पात्रको रूपमा यस कथामा आएको छ ।

### ३.३.६ पात्र प्रयोगका दृष्टिले 'ज्ञात भएजति' कथा

प्रस्तुत कथामा म पात्र कल्पनादेवी र नीलकण्ठ गरी जम्मा तीन जना पात्रको उपस्थिति रहेको छ । यस कथाको प्रधान पात्र म पात्र हो भने कल्पनादेवी र नीलकण्ठ यस कथाका सहायक पात्र हुन् ।

उक्त कथा एकालापको रूपमा लेखिएको कथा हो । म पात्रले अन्य पात्रहरूको जानकारी दिएको र उसको भूमिका सशक्त रहेको हुनाले म पात्र नै प्रस्तुत कथाको मुख्य पात्र हो । कल्पनादेवी र नीलकण्ठको परिवारको घनिष्ट परिचित व्यक्ति हो म पात्र । नीलकण्ठ र कल्पनादेवी सामान्य पारिवारिक झगडाले घर छोडेर नजिकैको घर बहालमा लिएर बसेकी हुन्छिन् । म पात्र ती दम्पती अलग भएर बास्नाको कारण बुझ्न उत्सुक हुन्छ । उसले उनीहरूलाई मिलन गराएर सफल दाम्पत्य जीवन बिताउन आग्रह गर्छ । उसले सामान्य पारिवारिक झगडाले घर छाड्नु हुादैन भन्ने सल्लाह दिन्छ । उसले नीलकण्ठलाई अर्को विवाह नगर्न र कल्पनादेवीलाई सम्झाई-बुझाई घरमा ल्याउन आग्रह गर्छ । जति प्रयास गर्दा पनि ऊ सफल हुादैन । यसरी हेर्दा ऊ मञ्चीय, गतिशील बद्ध पात्रका रूपमा देखापर्छ ।

कल्पनादेवी यस कथाकी सहायक पात्र हो । ऊ नारी पात्र हो । ऊ विवाहित नारी हो । सहज मुद्रा, शुभ परिधान, शालीन, निश्चित आनन भएकी नारी हो । उसको विवाह नीलकण्ठसित भएको हुन्छ । राम्रोसाग पारिवारिक जीवन बिताइरहेको समयमा सामान्य पारिवारिक झगडाले गर्दा घर छोडेर नजिकैको घरमा भाडा तिरेर बसेकी हुन्छे । म पात्रले उसलाई सामान्य झगडामा घर छोड्नु हुादैन भन्दा पनि उसले घर फर्केर नजाने कुरा गर्छे । उसले आफ्नो श्रीमान्ले अर्को विवाह गर्दा पनि कुनै मुद्दा मामिला नगर्ने कुरा गर्छे ।

उसलाई अदालतले केही गर्दैन भन्ने लाग्छ । उसले श्रीमान्साग पत्नीत्वको भीख नमाग्ने कुरा गर्छे । उसले आफ्नो 'स्व' अस्तित्त्व बचाउन कथामा प्रयास गरेकी छे । केही समयपछि ऊ आफ्नो कोठा छोडेर कहाा जान्छे कसैलाई थाहा हादैन । यसरी हेर्दा ऊ स्थिर मञ्चीय नारी पात्रका रूपमा देखा परेकी छे ।

### ३.३.७ पात्र प्रयोगका दृष्टिले 'भालुका बच्चाः मानिसका बच्चा' कथा

उक्त कथामा मानवीय पात्र मात्र नभएर मानवेत्तर पात्रहरूको पनि प्रयोग गरिएको छ । प्रस्तुत कथामा बाबा, विश्वनाथ, भूतनाथ, झिल्कु, बाबु, भारतीय फारुख साहेब, ओभरसियर गुरुबख्श राय, राम औतर उपाधिया (उपाध्याय) थारुहरू म पात्र जस्ता मानवीय पात्रका साथै भालुनी र उसका दुईवटा बच्चाहरू मानवेत्तर पात्रका रूपमा यस कथामा आएका छन् ।

म पात्र यस कथाका प्रमुख पात्र हो किनभने सम्पूर्ण घटनाहरूको वर्णनका साथै पात्रहरूको चित्रण पनि उसले नै गरेको छ । ऊ यस कथाको सुरुदेखि अन्त्यसम्म उपस्थित रहेको छ । म पात्र अरु शिकारीहरूसित शिकार गर्न जंगलमा जान्छ । उसले आफूले जानेसम्म शिकार गर्नमा सहयोग गर्छ । भालुको शिकार गर्न जाने भनेपछि अन्य बच्चाहरूझैं ऊ पनि खुसी हुन्छ तर भालुनीको मृत्युपछि भने ऊ निराश हुन्छ , भालुनीको कारुणिक स्वरले उसको मन छुन्छ । भालुनीको मृत्युपछि उसका बच्चाहरू सहाराविहीन भएकोमा ऊ दुःखी हुन्छ । भगवानले पनि तिनीहरूको संरक्षण गर्न सक्दैनन् , ती बच्चाहरूलाई प्रत्येक पाइलामा खतरा भएको र कुनैपनि बेला अन्य जनावरको आहारा बन्ने कुरा ऊ गर्छ । भालुनीको एउटा बच्चा भेट्टिएपछि भने ऊ केही मात्रामा खुसी हुन्छ । भालुनीको बच्चालाई देखेर ऊ मोहित हुन्छ । यसरी हेर्दा ऊ गतिशील मञ्चीय, दयालु, परिवर्तनशील पात्र हो ।

बाबा यस कथाका अर्का मुख्य सहायक पात्र हुन् । उसको उमेर साठी जति छ । उनी शिकार दलका नाइके हुन् । उनी ठूलो जिम्मेवारी साथ शिकारमा गएका छन् । उनी दलका हरेक सदस्यलाई सल्लाह दिन्छन् । उनकै सल्लाहमा नै अन्य सदस्यहरूले काम गर्छन् । थारुले भालु देखेपछि उनको शिकाराचार्यलाई बोलाएर सल्लाह गरी शिकार गर्न जान्छन् । भालुलाई माद बाहिर निकाल्ने जुक्ति पछि भालुलाई गोली हान्ने जिम्मा बच्चाहरूलाई दिन्छन् । गोली निशाना चुकेमा भालु खतरनाक हुने कुरा उनले केटाकेटीहरूलाई भन्दछन् । केटा केटीहरूले गोलीको निशाना लगाउन नसकेपछि उनी आफै

गोली हान्छन् । भालुनी भुईमा लड्छे । तर सधै जस्तो शिकारपछि हुने खुसी उनमा हुदैन । उसले भालुनीलाई बाध्यताले जानीजानी गोली चलाएको कुरा गर्छ । उनको अनुहारमा आर्द्र र पश्चाताप देखिन्छ । भालुनीको बच्चा भेटेपछि उनी केही प्रफुल्ल हुन्छन् । यसरी हेर्दा उनी गतिशील मञ्चीय अन्तरयामी भावनामुखी, दयालु, नेतृत्वदायी पात्रका रूपमा यस कथामा आएका छन् ।

त्यस्तै रामऔतार उपाधिया यस कथाका अर्का पात्र हुन् । उनी जंगली जनावरका बानी व्यहोरा, पाइताला चिन्ने अनुभवी शिकारी हुन् । भालुनीलाई मादबाट निकाल्ने काम उनले गरेका छन् । भालुनी र उसका बच्चाहरू मानवेत्तर पात्रका रूपमा यस कथामा देखिएका छन् । भालुनीका बच्चाहरू आमा गुमाएपछि सहाराहीन, असहाय र संरक्षणविहीन भएका छन्, बच्चाहरूलाई शिकारीहरूले समातेर ल्याउाछन् । मान्छेको माया पाएपछि तिनीहरू आपसमा खेल्न थाल्छन् ।

### ३.३.८ पात्र प्रयोगका दृष्टिले 'नयाा इतिहासको प्रारम्भ' कथा

प्रभा यस कथाकी प्रमुख पात्र हो । उसका बाबु, आमा, दाइभाइ, पति गाउालेहरू विश्वेश्वर, सिपाहीहरू सहायक र गौण पात्रका यस कथा आएका छन् । प्रभा यस कथाकी मुख्य नारी पात्र हो । प्रभा एउटा साधारण सम्पन्न जागिरे घरानकी षोडशी भावनाशील नवयुवती हो । उसले राणा शासनविरूद्ध नेपाली कााग्रेसले चलाएको स्वतन्त्रताको आन्दोलनमा सहभागिता जनाउाछे । आफ्नो परिवारको सहमति पनि उसले आन्दोलनमा भाग लिन्छे । आन्दोलनको क्रममा उसले प्रहरीको लाठी खान्छे । तर पनि ऊ कति पनि विचलित हुन्न उसले विश्वेश्वरप्रसाद कोइरालालाई आदर्श पुरुष मान्छे । त्यत्तिकैमा उसको विवाह हुन्छ । छारो जन्मन्छ र उसले छोरको नाम स्वतन्त्र कुमार राख्छे । कााग्रेसी सेनाले वीरगञ्ज शहर कब्जा गरेको सुनेर खुशी हुन्छे । उसको श्रीमान्ले उसलाई तिरस्कारजनक दृष्टिले हेर्छ । तर पनि प्रभाको मनमा विश्वेश्वर कोइरालाप्रतिको श्रद्धा र नेपाललाई स्वतन्त्र बनाउने आकाङ्क्षा जीवित हुन्छ । नेपाली कााग्रेसको सेनाले भैरहवा र परासीमा कब्जा जमाएकोमा खुसी व्यक्त गर्छे । उसले गाउाका मानिसहरूलाई मुक्तिका लागि आन्दोलनमा सहभागी हुन आग्रह गर्छे । गाउामा सिपाहीहरूले १७ बोरा चामल र १० हजार रूपियाा जरिबाना गर्न भन्छन् तर प्रभाले प्रतिकार गर्छे । अर्को दिन सिपाहीहरूले घेरा हालेर गाउालेहरू माथि गोली हान्छन् । त्यही क्रममा प्रभाको लोग्नेलाई पनि गोली हानेर हत्या गर्छन् । उसले सम्पूर्ण कुराको दोष आफ्नो पुर्पुरोलाई दिन्छे । पापीहरूले एकदिन सजाय

पाउने कुरामा ऊ आशावादी हुन्छे । विश्वेश्वरलाई नेपालमै गएर भए पनि भेट्ने इच्छा व्यक्त गर्छे । रेडियोले भारतीय सेनाले धर्मबहादुर दलमाथि आक्रमण गरेर पक्रिएको कुराले ऊ खुशी हुन्छे । भैरहवाबाट आएको एक जनाले धर्मबहादुरका केही मान्छे मन्त्रीको आदेशमा छुटेको कुराले विचलित हुन्छे । उसले आफ्नो चुरा नभएको रित्तो हात र एक पटक श्रृङ्गारसहित आङमा लाएको सेतो सादा लुगामा हेर्छे । उसलाई आफ्नो खुट्टामुनिबाट भुईं खस्न लागेझैं हुन्छ । यसरी हेर्दा ऊ मञ्चीय, गतिशील, भावनाशील, स्वतन्त्रता चाहना राख्न दासता नचाहने मुक्तिकामी नायिकाको रूपमा यस कथामा आएकी छ ।

विश्वेश्वरप्रसाद कोइराला यस कथामा नेपथ्यमा निहीत श्रद्धापात्र र आस्था पात्रका रूपमा आएका छन् । उनलाई प्रभाले सजीव आदर्शका रूपमा लिएकी छे । उनले राणाशासनबाट देशलाई मुक्त गराउन सशस्त्र आन्दोलन थालेका हुन्छन् । उनकै नेतृत्वमा विभिन्न शहरहरू कब्जा हुन्छन् । उनलाई प्रभाले विद्वान्, महान् देवताका रूपमा लिएकी छे ।

त्यस्तै प्रभाको पति यस कथाको अर्को पात्र हो । ऊ मध्यमवृत्त भएको मात्र हो । उसलाई प्रभावले गरेका कुराहरू मन पर्दैन । उसले प्रभालाई तिरस्कारजनक दृष्टिले हेर्छ । गाउमा भएको लुटपाट, बलात्कार, हत्यालाई प्रभाले चाहेको स्वतन्त्रता भन्छ । गाउमा आएको काग्रेसी सिपाहीहरूले उसलाई गोली हानी हत्या गर्छन् । ऊ आन्दोलन समर्थक निर्दोष पात्रका रूपमा यस कथामा आएका छ । त्यस्तै प्रभाका बाबु आमा दाजुभाइ यस कथामा स्वतन्त्रता चाहने तर जागिर जाने डरमा आन्दोलनमा सहभागी नहुने पात्रहरू हुन् । त्यस्तै सिपाहीहरू स्वतन्त्रताका नाममा सोझा गाउलेहरूमाथि लुटपाट, बलात्कार र हत्या गर्ने पात्रका रूपमा आएका छन् यी लगायत यस कथामा अन्य गौण पात्रहरूको पनि उपस्थिति रहेको छ ।

तालिका नं. - ३

## ३.४ 'अवान्तर' सङ्ग्रहका कथाहरूमा प्रयोग भएका पात्रहरूको प्रवृत्तिगत तालिका

| क्र.सं. | कथा शीर्षक | पात्र | भूमिका | लैङ्गिक | वर्गचेतना |
|---|---|---|---|---|---|
| १ | एउटा छर्लङ्ग प्रेमकथा | याङ्जी<br>अनङ्ग<br>योन्देन | केन्द्रीय<br>सहायक<br>सहायक | स्त्री<br>पुरुष<br>पुरुष | वर्गीय<br>व्यक्तिगत<br>वर्गीय |
| २ | एक पैसा | सानु<br><br>शेर्पाआइमाई<br>म (लेखक) | केन्द्रीय<br><br>सहायक<br>सहायक | बाल पुरुष<br>स्त्री<br>पुरुष | वर्गीय<br><br>वर्गीय<br>व्यक्तिगत |
| ३ | भ्रष्ट यज्ञ | म्यानेजर<br>बुद्धिज्यामी<br>बास | केन्द्रीय<br>सहायक<br>सहायक | पुरुष<br>पुरुष<br>पुरुष | वर्गीय<br>वर्गीय<br>व्यक्तिगत |
| ४ | ईश्वर खुदा<br>गडका कान | तुषारकुमुद<br><br>मिष्टरखान<br>शवनम | केन्द्रीय<br><br>सहायक<br>सहायक | बाल पुरुष<br><br>पुरुष<br>स्त्री | वर्गीय<br><br>वर्गीय<br>वर्गीय |
| ५ | पाइप | युवती<br>युवक | केन्द्रीय<br>सहायक | स्त्री<br>पुरुष | वर्गीय<br>व्यक्तिगत |
| ६ | ज्ञात भए जति | म (लेखक)<br>कल्पनादेवी<br>नीलकण्ठ | केन्द्रीय<br>सहायक<br>सहायक | पुरुष<br>स्त्री<br>पुरुष | वर्गीय<br>वर्गीय<br>व्यक्तिगत |
| ७ | भालुका बच्चा : मानिसका बच्चा | म (लेखक)<br>बाबा<br>भालुनी | केन्द्रीय<br>सहायक<br>सहायक | पुरुष<br>पुरुष<br>स्त्री पशु | वर्गीय<br>व्यक्तिगत<br>व्यक्तिगत |
| ८ | नयाा ईतिहासको प्रारम्भ | प्रभा<br>प्रभाको पति | केन्द्रीय<br>सहायक | स्त्री<br>पुरुष | वर्गीय<br>व्यक्तिगत |

## ३.५ निष्कर्ष

भवानी भिक्षुको सर्वाधिक प्राप्तिपूर्ण फााट कथा नै हो। अवान्तर कथा सङ्ग्रह ( २०३४) मा निम्न मध्य वर्गीय पात्रहरूको प्रयोग गरी कथानकको बुनोट गरिएको छ। मानव समाजबाट उपेक्षित, प्रताडित, शोषित, पीडित र दमित जनजीवनको यथार्थ चित्रण कथामा गरिएको छ। पात्रहरूका विशिष्टीकरणमा भिक्षुले विशेष ध्यान दिएका छन्। 'एउटा छर्लङ्ग प्रेम कथा' कथामा नारी पात्र याङ्जीको चित्रण गरिएको छ। तिब्बती समाजमा रहेको यौन स्वतन्त्रतालाई विषयवस्तु बनाई याङ्जीको चरित्रचित्रण गरिएको छ। उसले आफ्नो पति र सन्तानलाई त्यागेर नेपाली पुरुष अनङ्गप्रति आकर्षित भई उसैसाग विवाह बन्धनमा बाािधन्छे। 'भ्रष्ट यज्ञ' कथामा म्यानेजरले जसरी भए पनि पैसा कमाउने र पैसा कमाएपछि

उडाउने, साहित्यको नाउामा मोजमस्ती गर्ने प्रवृत्तिको चित्रण गरिएको छ । 'पाइप' कथामा पात्र युवतीमा कामवासना हुादैन । उसले आफ्नो परिवारको आर्थिक अवस्थाको कारण वेश्यावृत्तिमा लागेकी छे । यो पेशामा लागेर उसलाई कुनै पछुतो हुादैन । आफू त्यो पेशामा लागेर पुरुषमाथि विजय गरेको ठान्छे । 'ज्ञात भए जति' कथा कथावस्तु क्षीण भएको चरित्र प्रधान कथा हो । यसमा कल्पनादेवीको चरित्रलाई प्रष्ट्याउने उद्देश्यतर्फ कथा मोडिएको पाइन्छ । कल्पनादेवीको जीवनमा आइपरेको घटनालाई चित्रण गरिएको यस कथामा आफ्नो अस्तित्त्व बचाउन सफल पात्रको रूपमा यस कथामा कल्पनादेवी आएकी छे । गरिब दुःखीको दुर्दशा देखाउन एक पैसा कथामा 'सानु' पात्रलाई प्रयोग गरिएको छ, उसको भोक मेटाउन उसको आमाले गरेको सङ्घर्ष असफल हुन्छ । 'ईश्वर, खुदा गाडका कान' कथामा द्वन्द्वको मारमा परी अवोध एवं निरपराध व्यक्तिको निमर्म हत्या गरिएको देखाइएको छ यहाा अवोध बालक तुषारकुमुदको बालमष्तिष्कको प्रयोग गरिएको छ । 'पर्दा पछाडि' कथामा यौन पेशामा लागि नारीहरूलाई खेलौना ठान्ने पुरुषलाई प्रमिला पात्रको माध्यमबाट पाठ सिकाइएको छ । भालुका बच्चा : मानिसका बच्चा कथामा मानिसहरूले पशुलाई शिकार गरी उनीहरूको बच्चाको बिचल्ली पारेको हुादा पशु बच्चाको संरक्षकको अभाव रहेको देखाइएको छ । यहाा भालुनीको शिकार पछि उसका बच्चाको विजोग अवस्था भएको पाइन्छ । त्यसैगरी नयाा इतिहासको प्रारम्भ कथामा कथाकी प्रमुख पात्र प्रभा स्वतन्त्रता आन्दोलनमा लागेर पति, धन दौलत गुमाउादा पनि देशमा स्वतन्त्रताको अनुभूति हुन नसकेको र जननिर्वाचित सरकारले आन्दोलनमा लाग्नेहरूलाई उपेक्षा गरेका कुरा देखाइएको छ ।

यसरी अवान्तर सङ्ग्रहको कथाहरूमा कथावस्तु र पात्रहरूको विन्यास गरिएको छ । अवान्तर कथा नारीहरूप्रतिको सम्मान खोज्दै, यौन, प्रेम एवं रतिरागजन्य अवस्थाबाट माथि उठेर सामाजिक यथार्थवादतर्फ उन्मुख रहेको छ भन्न सकिन्छ ।

# चौथो - परिच्छेद

# 'अवान्तर' कथा सङ्ग्रहका कथाहरूको परिवेशगत प्रवृत्ति

## ४.१ 'अवान्तर' सङ्ग्रहका कथाहरूमा परिवेशको प्रयोग

यस सङ्ग्रहमा परिवेशको रूपमा नेपाल भित्र र नेपाल बाहिरको स्थान प्रयोग गरिएको छ भने समय किटान गरिएको छैन । त्यसैगरी निम्न मध्यम वर्गीय परिवारको समस्यामूलक सामाजिक जनजीवन सांस्कृतिक चालचलन , स्वतन्त्रता आन्दोलन एवं साम्प्रदायिक युद्धको अवस्थालाई वातावरणको रूपमा प्रयोग गरिएको छ ।

### ४.१.१ परिवेश प्रयोगका दृष्टिले एउटा छर्लङ्ग प्रेम कथा

'एउटा छर्लङ्ग प्रेम कथा' कथामा परिवेशको रूपमा तिब्बती समाजको चित्रण गरिएको छ । तिब्बती समाजमा रहेका सामाजिक एवं धार्मिक परम्पराको चित्रण गरिएको छ । परपुरुष सम्बन्ध कुनै कठोरता होइन । विवाह, बन्धन अपरिवर्तनीय होइन भन्ने कुरा कथामा देखाउन खोजिएको छ । "त्यहाा नर र नारी मेल-फिमेल मात्रैको चिनारीले ठाउा पाएको छ । कुनै तरूणीको गाला कुनै तरूणले मुसारे सम्भवत : अर्को पक्षबाट क्रोध प्रदर्शन हादैन, लाजले भुतुक्क हुने पनि होइन ।"[२५] तिब्बती समाजको धार्मिक, सामाजिक अवस्था रहन-सहन, परम्परा एवं जीवनशैली परिवेशकै रूपमा आएका छन् । त्यसैगरी नेपाली युवक अनङ्गका माध्यमबाट नेपाली धनीवर्गको जीवन यापन गर्ने शैलीलाई पनि संकेत गर्छ ।

### ४.१.२ परिवेश प्रयोगका दृष्टिले 'एक पैसा' कथा

उक्त कथामा परिवेशको रूपमा काठमाडौंको लाजिम्पाट र लैनचौरको बीचमा रहेको गल्लीलाई प्रयोग गरिएको छ । कथाका म पात्र कामको सिलसिलामा लाजिम्पाटतिर जाादा डेढ महिनाजतिको शिशु च्यापेर एक पैसा भन्दै मागिरहेकी जीर्ण शरीर भएकी शेर्पा महिलालाई देख्छ र एक पैसा दिन्छ । बच्चाको नाउामा पैसा नमागी आफ्नो नाममा पैसा माग्ने सल्लाह म पात्रले दिंदै, नवजात शिशु सानुप्रति दयाभाव राखेर आफ्नो बाटो लाग्छ । म पात्रले सानुको लागि एकै पटक १ रूपैयाा दिने विचार मनमा खेलाउाछ । महिनौं दिन विविध कारणले सानुसम्म जान म पात्र सक्दैन । तीन महिनापछि बल्ल बिदाको दिन

[२५] भवानी भिक्षु. *अवान्तर.* काठमाडौं : साझा प्रकाशन. २०३४. पृ.२ ।

परेकाले सानुलाई खोज्दै जाादा, सानु खान नपाएर मरिकेको कुरा उसको आमाबाट थाहा हुन्छ । गरिब नेपालीहरूको एक पैसाको जीवनारम्भ र एक पैसाकै जीवनान्तलाई यस कथामा प्रतिबिम्वित गरिएको छ ।

### ४.१.३ परिवेश प्रयोगका दृष्टिले 'भ्रष्ट यज्ञ' कथा

उक्त कथामा भारतको बम्बई सहरमा अवस्थित एउटा मगज पसललाई परिवेशको रूपमा प्रयोग गरिएको छ । "भारतको बम्बई सहर हेर्न नपाएकाहरूले पनि थाहा पाएका छन्- त्यहाा सबैथोक पाइन्छ । मेशिन, फेसन-जीवनान्द र जीवनका लागि चाहिने जति हरेक थोक । अरू चाहिएजत्तिकै रूप चाहिए जत्तिकै रूप सौन्दर्य श्रृङ्गार मोजमज्जा र आइमाईसम्मको सप्लाइ पनि .... त्यो सहर ....।''[२६] यही परिवेशमा यो कथा रचना गरिएको छ । मानिसहरू आफ्नो पद र शक्तिका भरमा कसरी भ्रष्ट कार्य गरिरहन्छन् भन्ने कुरालाई कथाको परिवेश बनाइएको छ । साहित्य प्रतिष्ठान र त्यसभित्रका कर्मचारीहरूका जीवनशैली पनि परिवेशकै रूपमा आएका छन् । म्यानेजरको कार्यले शोषक, सामन्ती वर्गको रहन-सहन रीतिरिवाज, जीवनयापन गर्ने, वातावरणको आभास पाइन्छ । त्यसैगरी कथाका पात्र बुद्धिज्यामीहरूको अवस्थाले गरिब एवं शोसित वर्गको पहिचान गराउाछ ।

### ४.१.४ परिवेश प्रयोगका दृष्टिले 'ईश्वर खुदा गााडका कान' कथा

यस कथामा बङ्गाली कवि रबीन्द्रनाथ टैगोरको प्रान्त देश बङ्गालको ढाका सहरलाई परिवेशका रूपमा प्रयोग गरिएको छ । कथामा घटेका सम्पूर्ण घटनाहरू त्यही शहर र त्यहीको स्थायी बासिन्दा मिष्टर खानका घरमा घटेका छन् । परिवेशको चित्रण गर्ने क्रममा कथाकारले भनेको छन् "प्रकृति देशमा जन्म र रबीन्द्रनाथको प्रकृतिदर्शन त्यहाा आच्छादित छ ।"[२७] मिष्टर खानको सुखी परिवारिक रमाइलो परिवेशको झझल्को दिन्छ । त्यसै परिवारमा जन्म भएको बालक तुषारकुमुदको बाल हाासो, हिंडाइ, बोलाइ, रूवाइ आदिले कथामा रोमाञ्चक परिवेशको सिर्जना गरेका छन् । त्यसैगरी ढाका सहरमा शुरू भएको लडाइ, सैनिकहरूले गरेको नरसंहार सैनिकहरूले मिष्टरखानको घरमा ल्याएको विचल्लीले कहालीलाग्दो वातावरणको सिर्जना गरेको छ । मिष्टर खानको हत्या, शवनमको अपहरण निर्दोष बालक तुषारको हत्याले सुखद् पारिवारिक जीवनको अन्त्य हुन्छ । सैनिकहरूको

---

[२६] पूर्ववत् पृ. १२ ।
[२७] पूर्ववत् पृ. २१ ।

राक्षसी प्रवृत्तिले ढाका शहरमा रहेको मिष्टर खानको स्वर्गजस्तो रमणीय घरको वातावरण सैनिकहरूले श्मसानघाटमा परिणत गरिदिएको परिवेश उक्त कथामा रहेको छ ।

### ४.१.५ परिवेश प्रयोगका दृष्टिले 'पाइप' कथा

'पाइप' कथामा परिवेशको रूपमा काठमाडौं शहरलाई प्रयोग गरिएको छ । काठमाडौंको कुनै अनिर्दिष्ट वेश्यालय नयाा सडकको एउटा होटल रत्नपार्कको निर्जन बेञ्च, युवतीको अनिर्दिष्ट घर, काकाको घर, दाजु पर्नेको कोठा परिवेशका रूपमा आएका छन् । पुरुषहरू आफ्नो कामवासना पूरा गर्न कसरी लागेका हुन्छन् भन्ने कुरा पनि परिवेशको रूपमा आएको छ । युवतीहरू अभावग्रस्त अवस्थामा कसरी आफ्नो शरीर बेच्न विवश हुन्छन् भन्ने देखाउन परिवेशका रूपमा देशको राजधानी शहर काठमाडौंलाई लिइएको छ । युवतीको देहव्यापार व्यवसाय उसका इच्छाहरू उसको पारिवारिक पृष्ठभूमि आदिका कारण उच्च शिक्षाको लागि देहव्यापारको सहायता लिन विवश केटीहरूको जीवनशैली पनि परिवेशका रूपमा आएका छन् । दाजुका माध्यमबाट धूर्त, कामुक वर्गका मानिसहरूको चित्रण गरिएको छ भने युवतीका काकाको माध्यमबाट धनी एवं सामन्ती परिवारको स्थिति देखाउन खोजिएको छ । युवतीको परिवारले गरिबवर्गको रीतिरिवाजको संकेत गर्दछ । यसरी कथाको परिवेशको बुनोट गरिएको छ ।

### ४.१.६ परिवेश प्रयोगका दृष्टिले 'ज्ञात भएजति' कथा

उक्त कथामा नेपालको कुनै शहरमा रहेको नीलकण्ठको घर र कल्पनादेवीले बहालमा लिएको घर परिवेशको रूपमा आएको छ । परिवेशको रूपमा कथामा कुनै ठाउाको नाम उल्लेख गरिएको छैन । कथाका घटनाहरूले तत्कालीन समयमा नारीहरूलाई पुरुषहरूले केवल आफ्नो गृहस्थी जीवन सञ्चालन गर्ने साधनका रूपमा लिने गरेको कुरा यही परिवेशमा आएका छन् । नारीहरू आफ्नो अस्तित्त्व जोगाउन कसरी लाग्छन् भन्ने कुरा स्पष्ट रूपमा देखाएको छ । घर छोड्ने नारीहरूको जीवनशैली, कल्पनादेवीको माध्यमबाट र नारीमाथि दमन गरी अर्को विवाह गर्ने पुरुषहरूको जीवनशैली नीलकण्ठको माध्यमबाट दिई कथाको परिवेश सिर्जना गरिएको छ ।

### ४.१.७ परिवेश प्रयोगका दृष्टिले 'भालुका बच्चा : मानिसका बच्चा' कथा

उक्त कथामा पश्चिमी नेपाल तराईको शिवराज इलाकाको जंगलभित्र पर्ने मदवा भन्ने गाउालाई परिवेशको रूपमा प्रयोग गरिएको छ । जंगलमा जनावरको शिकार गर्नु

त्यही शिकारको अनेकन परिकार बनाएर खानु जस्ता कुराले घरानियाा सामन्तीहरूले आफ्नो स्वार्थपूर्तिका लागि जंगली जनावरहरूको विनाश गर्ने परिवेशको झल्को दिन्छ । जंगली जनावरहरूको चाल चराचुरूङ्गीहरूको मधुर स्वर, जनावरका बच्चाहरू खेलेको दृश्य आदिले कथामा रमाइलो परिवेशको सिर्जना भएको छ । भालुनीको शिकारपछि कारूणिक वातावरणको सिर्जना भएको छ । मानिसले आफ्ना बच्चाहरूको निम्ति पशु-शिशुहरूको ख्याल नगरी उनीहरूका आमाहरूको शिकार गर्दा शिकारीहरूमा भएको आर्द्रता र पश्चातापको चित्रण गरी कथामा परिवेशको निर्माण गरिएको छ ।

### ४.१.८ परिवेश प्रयोगका दृष्टिले 'नयाा इतिहासको प्रारम्भ' कथा

नेपाली कााग्रेसले राणाशासन विरूद्ध २००७ सालमा गरेका सशस्त्र आन्दोलन र राजनीतिक चहलपहललाई कथामा परिवेशको रूपमा प्रयोग गरिएको छ । काठमाडौं, वीरगञ्ज, भैरहवा, परासी, प्रभावको माइतीघर र प्रभाको गाउा पनि परिवेशका रूपमा आएका छन् । नेपाली कााग्रेसले दासताविरूद्ध चालेको सशस्त्र आन्दोलनले जनता स्वतन्त्र हुन जस्तोसुकै आन्दोलन गर्न पनि तयार छन् भन्ने कुरा पनि परिवेशको रूपमा आएको छ । कथामा प्रभाको मानसिकता र जनताको चेतनालाई ऐतिहासिक परिवशेमा प्रस्तुत गरिएको छ । कााग्रेसका सैनिकहरूद्वारा क्रान्तिका नाममा गाउालेहरूमाथि गरिएको लुटपाट, बलात्कार, हत्या, आतङ्क आदिलाई कथाको परिवेशको रूपमा समावेश गरिएको छ । आन्दोलनको सफलतापछि जेलबाट छुटेका गुण्डाहरू र भारतीय डााकुहरूले गाउामा फैलाएको आतंक पनि चित्रण गरिएको छ । आन्दोलनको समर्थनमा रहेकी र लोग्ने हत्यामा विधवा बनेकी प्रभाको मानसिकता, जागिर जाने डरले स्वतन्त्रताको मौन समर्थन गर्ने तर आन्दोलनमा जान डराउने प्रभाका बाबु, आमा, दाजुभाइको अवस्था र आन्दोलन सफल भएपछि पनि देशमा खासै केही सुधार नदेखिएको परिपाटी आदिलाई पनि कथामा परिवेश बनाइएको छ ।

**तालिका नं. - ४**

## ४.२ अवान्तर कथा सङ्ग्रहको परिवेशगत तालिका

| क.सं. | कथा शीर्षक | परिवेश |
|---|---|---|
| १ | एउटा छर्लङ्ग प्रेम कथा | तिब्बत, तिब्बती समाजको सामाजिक, धार्मिक र सांस्कृतिक परम्परा, युवक युवती बीचको प्रेममा स्वतन्त्रता, नेपाली युवक र तिब्बती युवतीबीचको प्रेमालाप । विवाह बन्धन अपरिवर्तनिय नमानिने तिब्बती चलन । (समय उल्लेख नभएको) |
| २ | एक पैसा | काठमाडौंको लाजिम्पाट र लैनचौरको बीचमा रहेको साघुरो गल्ली र त्यसै सेरोफेरोमा एक डेढ महिनाकी प्रसुती आइमाई जसले नवजात शिशुको भोक टार्न एक पैसा भन्दै माग्न बसेकी छ । (समय उल्लेख नभएको) |
| ३ | भ्रष्ट यज्ञ | भारतको बम्बई (मुम्बइ) शहर, त्यहाा अवस्थित मगज पसल, बम्बइमा मेशिन, फेसन श्रृङ्गार, मोजमज्जा र आइमाई सम्मका सप्लाई साहित्यको नाममा मोजमस्ती । (समय उल्लेख नभएको) |
| ४ | ईश्वर खुदा गडका कान | बङ्गालको राजधानी ढाका सहरमा भएको साम्प्रदायिक लडाइँ निर्दोष मिष्टर खानको घरमा युद्धग्रस्त समयमा सैनिकद्वारा घटाइएको निर्मम हत्याको घटना । (समय उल्लेख नभएको) |
| ५ | पाइप | काठमाडौंको वेश्यालय नयाा सडकका होटल, रत्नपार्कको निर्जन ठाउाको बेञ्च आर्थिक अभावका कारण घर खर्च चलाउन र पढ्न युवतीबाट गरिएको देहव्यापार । (समय उल्लेख नभएको) |
| ६ | ज्ञात भएजति | नेपालको कुनै शहरमा रहेको नीलकण्ठको घर र कल्पनादेवीले बहालमा लिएको घर पुरुषहरूले नारीमाथि थिचोमिचो गरी चलाइने गृहस्थी जीवन । (समय उल्लेख नभएको) |
| ७ | भालुका बच्चा : मानिसका बच्चा | पश्चिम नेपाल तराईको शिवराज इलाकाको जङ्गलभित्रपर्ने मदवा भन्ने गाउा, घरानियाा सामन्ती वर्गले जङ्गली अमुक पशुलाई शिकार गरी जङ्गली जनावर नास गर्ने परम्परा, (समय उल्लेख नभएको) |
| ८ | नयाा इतिहासको प्रारम्भ | नेपालमा भएको २००७ सालको राजनीतिक चहलपहल, नेपाली काग्रेसद्वारा चलाइएको सशस्त्र आन्दोलन, स्वतन्त्रता आन्दोलनमा होमिएका नेपाली जनता । |

## ४.३ निष्कर्ष

अवान्तर कथा सङ्ग्रहका आधारमा भिक्षुको परिवेशगत प्रवृत्ति मध्यम वर्गीय परिवारका पीडा , व्यथा सामाजिक परिस्थिति, नारीको वेदना र उनीहरूप्रति भएको अन्याय अनि, यौनजन्य क्रियाकलाप मनोविज्ञानतिर मोडिएको देखिन्छ । स्थानीय स्तर र नेपालको सेरोफेरो नेपाल बाहिरका रीतिस्थिति र यौन स्वतन्त्रता सम्बन्धी कुरा सामाजिक, धार्मिक परम्परा निम्न मध्यम वर्गीय परिवारका जीवनस्तर कथाकार भिक्षुको कथा परिवेश छनोट भएको देखिन्छ ।

अवान्तर कथा सङ्ग्रहमा सङ्गृहित कथाहरूको परिवेश निम्नानुसार रहेको पाइन्छ । तिब्बती समाजको प्रतिविम्बन कथामा झल्किन्छ । "एउटा छर्लङ्ग प्रेम कथा" मा तिब्बती समाजमा रहेको सामाजिक, धार्मिक परम्पराको चित्रण गरी परपुरुष सम्बन्धमा लचिलोपन रहेको र स्त्री पुरुष सम्बन्धमा कुनै कठोर नभएको पुष्टि गरिएको छ । स्थानीय रङ झल्किने किसिमको काठमाडौंको परिवेश पनि भिक्षुका कथामा आएका छन् । एक पैसा कथामा काठमाडौंको लाजिम्पाट लैनचौरको बीचमा रहेको साघुरो गल्ली र त्यसैको सेरोफेरोमा मागेर गुजरा चलाउने सानु बालक पात्रकी आमा भिखारी गरिब जसले शिशु पाल्न उसको नाममा एक पैसा भन्दै मागेर जीवन गुजारी रहेकी महिलाको पीडालाई देखाइएको छ । बम्बई शहरमा अवस्थित एउटा मगज पसललाई भ्रष्ट परिवेश मानिएको छ । ईश्वर, खुदा गाडका कान बङ्गाली कवि रविन्द्रनाथ प्रान्त देश बङ्गालको ढाका शहर त्यही शहरको सेरोफेरोमा रहेको मिष्टर खानको घर अनि सैनिकहरूको ज्यादतीबाट सानो शिशुको बाबा आमा अनि स्वयं शिशु तुषारकुमुदको निर्मम हत्या सम्बन्धी कुरालाई कथाको परिवेश बनाएको छ ।

यसैगरी 'पाइप' कथामा काठमाडौं शहरको अनिर्दिष्ट वेश्यालय गरिबी र अभावग्रस्त परिस्थितिले आफ्नो शरीर बेच्न बाध्य एक युवतीको पीडा र व्यथालाई कथाको परिवेश छनोट गरिएको छ । त्यसैगरी "ज्ञात भए जति" कथामा नेपालको कुनै शहरमा रहेको नीलकण्ठको घर कल्पनादेवी बहालमा बसेको घर कल्पनादेवीले आफ्ना पीडाबाट छट्पटिएर अर्काको घरमा बहालमा बसेको परिवेशलाई कथा बनाइ प्रस्तुत गरिएको छ । 'भालुको बच्चा मानिसको बच्चा' कथामा परिश्रमी तराईको शिवराज इलाकालाई आधार मानी त्यहाा जङ्गलमा गरिएको भालुनीको शिकार र भालुनी मारिएपछि उसको दुईवटा बच्चाको संरक्षणको अभाव खड्किएको परिवेशलाई कथामा जोडिएको छ । त्यस्तै नयाा इतिहासको

प्रारम्भ कथामा राणा शासन विरूद्ध २००७ सालमा नेपाली कााग्रेसले गरेको सशस्त्र आन्दोलनको सन्दर्भमा नेपालको तराई भागलाई परिवेश बनाई कथा अघि बढाइएको छ । कथाकारले यस सङ्ग्रहमा देशभित्र र देशबाहिरका स्थान र वातावरणलाई कथानकको परिवेश बनाएका छन् ।

# पाचौं - परिच्छेद

# अवान्तर कथा सङ्ग्रहको दृष्टिबिन्दु तथा भाषाशैलीगत प्रवृत्ति

## ५.१ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले अवान्तर सग्रहका कथाहरू

यस सङ्ग्रहका कथाहरू धेरैजसो तृतीय पुरुष शैलीमा लेखिएका छन् केहि तत्सम र आगन्तुक शब्दको प्रयोगले सामान्य मानिसलाई बुझ्न अलिकति असहज भए पनि कथाको भाषा सरल छ । सबै कथाको शैली रैखिक रहेको छ । वृत्ताकारीय शैलीमा कथानक बुनिएको छैन ।

### ५.१.१ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'एउटा छर्लङ्ग प्रेम कथा' कथा

उक्त कथामा याङ्जी, अनंग र योन्देन गरी तीन पात्रको उपस्थितिमा कथानक अघि बढेकाले बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथाकी प्रमुख पात्र याङ्जीको उपस्थिति कथामा सुरूदेखि अन्त्यसम्म रहेको र उसकै माध्यमबाट कथा अघि बढेको र उसकै सेरोफेरोमा कथा घुमेकाले यस कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । अनङ्ग जस्ता सोझो युवकहरू कसरी तिब्बती युवतीहरूबाट ग्रसित छन् भन्ने कुरा याङ्जीकै उपस्थितिमा प्रस्तुत गरिएको छ । तिब्बती समाजमा प्रचलित कामवर्जना बहुविवाह प्रथा, स्वतन्त्रता सामाजिक परिबन्द जस्ता कुराहरू याङ्जीमा आरोप गरी लेखिएको उक्त कथामा सर्वत्र उसकै उपस्थिति देखिएकाले बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

यस कथामा सामान्य जीवनमा बोलिने सरल एवं साधारण भाषाको प्रयोग गरिएको छ । आवेग, घातक, मानसिक, शारीरिक, सुन्दर, अस्तित्त्व, कुटुम्ब, अवश्यमेव, सम्यक्, आग्रह, मूक पत्नी जस्ता तत्सम शब्दहरूको प्रयोग यस कथामा गरिएको छ । तरूनी, जीउ, आासु, आड, जवानी जस्ता तद्भव शब्दहरूको प्रयोग पनि गरिएको छ, त्यसैगरी कटिङ, सूट, कोट, कलर, मिनेट चेष्टिटी जस्ता आगन्तुक शब्दहरूको समेत यस कथामा प्रयोग गरिएको छ । त्यसैगरी चोइटा, खिचातानी, भिजाएको, लोग्ने, मासु, सञ्चार, डल्लो जस्ता नेपाली झर्रा शब्दहरूको प्रयोग पनि यस कथामा प्रयोग गरिएको छ । वाक्य संगठनका दृष्टिले (सामान्य) सरल वाक्य भन्दा मिश्र र संयुक्त वाक्यको प्रयोग गरिएता पनि भाषा

सरल नै देखिन्छ । कथाले विभिन्न ठाउामा गरिएको उखान टुक्का आदिले कथामा कलात्मकता र मधुरता थपेको छ ।

## ५.१.२ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'एक पैसा' कथा

उक्त कथामा म पात्र स्वयं उपस्थित भएर अन्य पात्रका बारेमा चर्चा गरेकाले आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथामा म पात्रले नै प्रसव पछि बच्चालाई साथमा लिएर सडकमा हिंड्नेलाई एक पैसा माग्ने जीर्ण शेर्पा महिलाको जीवन व्यथालाई विस्तार गरेको छ । सानुले खान नपाई मृत्यु भएको सुन्दा म पात्र स्तब्ध हुन पुगेको छ । कथामा शुरूदेखि अन्त्यसम्म नै म पात्र उपस्थित भई अन्य पात्रहरूको जीवनस्तरका बारेमा चर्चा गरेकाले 'एक पैसा' कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

उक्त कथामा सामान्य मानिसहरूले प्रयोग गर्ने सरल भाषाको प्रयोग गरिएको छ । कथामा स्तन, प्रसव, वर्ण्य, मूक, अवश्यमेव, निःसन्देह, अन्तर्चक्षु आदि जस्ता तत्सम शब्दहरूको पनि प्रयोग गरिएको छ । फूटपाथ, पाकेट जस्ता आगन्तुक शब्द पनि आएका छन् । अनुहार, जिब्रो, नरम, मीठो, मनमनै, साागुरो, आासु शब्दहरूको प्रयोग भएको छ । त्यसैगरी मनभोग, जाबो, टालो, च्वाट्ट जस्तो झर्रा नेपाली शब्दहरूको प्रयोग पनि यस कथामा गरिएको छ । वाक्य गठनका दृष्टिले संयुक्त र मिश्र वाक्यको प्रयोग गरिएता पनि सरल नै छ । कथामा प्रयोग गरिएको अनुकरणात्मक शब्द र उखान टुक्काहरूले भाषालाई रोचक बनाएका छन् ।

## ५.१.३ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'भ्रष्ट यज्ञ' कथा

उक्त कथामा म्यानेजर, बास, बुद्धिज्यामी जस्ता पात्रहरूको प्रयोग गरी उनीहरूकै माध्यमबाट कथानक अघि बढेकाले यस कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा म्यानेजरको माध्यमबाट पैसाका लागि मानिसहरू नीच कार्य गर्न पनि पछि पर्दैनन् भन्ने कुराको चित्रण गरिएको छ । त्यस्तै बुद्धिज्यामीको माध्यमबाट आफ्नो परिवारको पालनपोषणका लागि मालिकको शोषण, दबाब सहन बाध्य निम्नस्तरका कर्मचारीहरूको स्थितिको चित्रण गरिएको छ भने बासका माध्यमबाट साहित्यलाई पवित्र यज्ञ मान्ने मानिसहरूको चित्रण गरिएको छ । कथामा सुरूदेखि अन्त्यसम्म कथाका पात्र म्यानेजर सक्रिय रही कथानक अघि बढेकाले कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

उक्त कथामा क्लिष्ट एवं दुर्वोध्य भाषाको प्रयोग गरिएको छ । भाषा साधारण मानिसले बोल्ने र बुझ्ने खालको नभई जटिल किसिमको रहेको छ । व्यञ्जना, निमेष, मानसिक, सुन्दर, कर्मकाण्डी, ध्वनी, हवि, होतृ, होता, यज्ञ, पुनर्शुचि, अतएव जस्ता तत्सम शब्दहरूको प्रयोग कथामा गरिएको छ । त्यसैगरी फेसन, मेशिन, सप्लाई, कलवेल, पेपरवेट पञ्च, आलपिन, म्यागिजन, मार्केट, रब, बेल, आउट, बुकस्टल, बास, अब्राक्याडब्रा, बर्डस, लाइन, म्यानेजर, विजनेस, पब्लिकेशन, इन्स्टिच्युट आदि आगन्तुक शब्दहरूको प्रयोग समेत कथमा गरिएको छ । पण्डित्याई, स्वास्नी, सामुन्ने, मनभोग, बन्दोबस्त, झुण्ड्यायो, झुत्रे-झाम्रे, मर्जी, बिराए आदि ठेट नेपाली शब्दहरूको प्रयोग पनि भएको छ । वाक्य गठनका दृष्टिले सरलभन्दा मिश्र र संयुक्त वाक्यको प्रयोग भएको छ । त्यसैगरी तत्सम र आगन्तुक शब्दहरूको अत्यधिक प्रयोग र जटिल वाक्यको गठनले भाषा क्लिष्ट र अस्पष्ट बनेको छ । अनुकरणात्मक शब्द र उखानटुक्काको प्रयोगले भाषामा कलात्मकता र मिठासपन चाहिं थपिएको छ ।

### ५.१.४ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'ईश्वर खुदा गाडका कान' कथा

यस कथामा तृतीय पुरुष पात्र तुषारकुमुदको बालमष्तिष्कमा आएको संवेगात्मक स्थितिबाट कथा अघि बढेकाले कथामा बाह्रय सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाको शुरूमा दृष्टिबिन्दुको प्रयोग सशक्त रूपमा आउन नसके पनि जब तुषार खेल्दै जाने क्रममा पलङमा उसको टाउको ठोकिन्छ त्यसबेलादेखि उसमा संवेगात्मक भावहरू देखा पर्न थाल्दछन् । युद्धको वातावरणमा बाबुआमाबाट एक्लिए पछि उनीहरूको खोजीमा अघि बढ्दै जाादा अफिसरको बन्दुकलाई खेलौना सम्झन्छ र त्यतैतिर लम्कादा त्यस अबोध बालकको मनमा उब्जेको अवस्थाको चित्रण कथामा गरिएको छ । एउटा बाल संवेदनामा अचानक सैनिकहरूबाट चोट पुऱ्याइदिंदा माया ममता पाएको बालक कति मर्माहत हुन्छन् भन्ने कुराको चित्रण यस कथामा गरिएको छ । तुषारकुमुदकै माध्यमबाट कथा अघि बढेकाले कथामा बाह्रय सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

उक्त कथाको भाषा सरल नभएर जटिल छ । कथामा जटिल तत्सम तथा आगन्तुक शब्दहरूको अत्यधिक प्रयोग भएको छ । गृहस्थी, यथानाम, पुत्ररत्न, अमृतोपम, शिशु, अपलक, भुवन, भूमिसात, बन्धु, अबोध, अलम्य, भूमिसात, पुष्प, प्रभात, कदाचित्, पवित्र, दुर्लभ, कुमुदिनी, सरोबर, दृष्टि, चक्षु, निमिषव्यापी, ममता आद तत्सम शब्दहरूको प्रयोग गरिएको छ । मिष्टर, गड, ढाका, खुदा, खाद, ढाका, बम, राइफल, अफिसर, बुट, ट्याङ्क,

कोर्टमार्सल, अर्डर, ड्युटी, सेकेण्डव्याच, ड्युटी, फ्लो, कोअपरेट आदि आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै वामेसर्नु, चीसो पस्नु, म्वाइ खानु, आाखा गाड्नु आदि जस्ता उखान टुक्काको साथै सुाक्कसुाक्क, सुटुक्क आदि जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कथामा रोचकता थपेको छ । दुखाइदुखाइ, रहीरही, छियाछिया, हिसाबकिताब, सुती-सुती, लिवलिवी, सकसक आदि द्वित्व शब्दहरूको प्रयोगले कथाको भाषामा कलात्मकता थपेको छ ।

### ५.१.५ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'पाइप' कथा

'पाइप' कथाकी मुख्य पात्र युवतीको जीवनमा बाध्यतावस घटेको घटनाहरूबाट कथानक अघि बढेकाले यस कथामा बाह्‌य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । अन्य पात्रहरूको माध्यमबाट पनि युवतीकै दृष्टिकोणलाई अगाडि बढाइएको छ । आर्थिक अभावका कारण स्त्रीहरू कसरी आफ्नो शरीर बेच्न विवस हुन्छन् भन्ने कुरा स्पष्ट पारिएको छ । कथामा दाजु पात्रको माध्यमबाट पुरुषहरूको धुर्त कमुक प्रवृत्तिलाई स्पष्ट पारिएको छ । कथाका अन्य पात्रहरू युवतीको विवश जीवन कथालाई स्पष्ट पार्ने माध्यम मात्र बनेकाले यस कथामा बाह्‌य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

उक्त कथामा सरल भाषाको प्रयोग गरिएको छ । यस कथामा सामान्य मानिसहरूले प्रयोग गर्ने, बुझ्ने भाषाको प्रयोग गरिएको छ । क्रमशः, सन्तोष, सुन्दर, मानसिक, आदिमानव, कदाचित्, सम्भोग, योनी, उत्तीर्ण, मूल, उत्तर, प्रशन्न, प्रारम्भ, युवक, युवती जस्ता तत्सम शब्दहरूको प्रयोग कथामा गरिएको छ । त्यसैगरी जवानी, व्यापार, सडक, पैसा, उत्तर, नरम, सामुन्ने, आाखा, पााचौ, आमा जस्ता तद्भव शब्दहरूको प्रयोग पनि गरिएको छ । त्यसैगरी बेञ्च, मिनेट, कलेज, सारी, अभनोरम, स्कुल, ज्वाइन, प्याकेट, प्रोटेन्ट, बि.ए., फ्यासन, प्याकेट आदि आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै झर्को, मौका, कुतकुती, बाटामा, दैलो, भन्लाउ, म्वाइ, सक्लाउ आदि झर्रा नेपाली शब्दहरूको प्रयोग पनि कथामा भएको छ । वाक्य गठनका दृष्टिले सरल भन्दा मिश्र र संयुक्त वाक्यको बढी प्रयोग भएपनि भाषा सरल छ । अनुकरणात्मक शब्द र उखान टुक्काको प्रयोगले भाषामा रोचकता थपेको छ ।

### ५.१.६ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'ज्ञात भए जति' कथा

उक्त कथामा कल्पनादेवी र नीलकण्ठको जीवनमा अएका उतारचढावलाई म पात्रले प्रस्तुत गरेकाले र कथामा शुरूदेखि अन्त्यसम्म म पात्रको उपस्थितिबाट कथानक अघि बढेकाले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । महिलाहरू पुरुषबाट दबिएर बस्न विवश छन्, नारीहरू आफ्नो अस्तित्त्व बचाउन कुनै न कुनै रूपमा लागेका छन् भन्ने देखाउन कथाकी नारी पात्र कल्पनादेवीको माध्यमबाट स्पष्ट पारिएको छ । कथामा म पात्र तटस्थ रही अन्य पात्रका बारेमा उल्लेख गरेकाले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ भन्न सकिन्छ ।

उक्त कथामा सरल भाषाको प्रयोग नगरी क्लिष्ट र दुर्बोध्य भाषाको प्रयोग गरिएको छ । परिधान, आनन, मुद्रा, शुभ, शालीन, स्वयम्, संज्ञा, प्रथमतः, जगत, जड, यज्ञ, सम्यक, दर्शन, सृजन, सान्निध्य, निःसीम, अपचन, स्व, मन्त्र, गृहस्थी, योनी, सर्वथैव, निमिष, मानव, अकिञ्चन, निःशेष, वैशम्य, स्नेह, आज्ञा, भविष्यत्, जननी, आर्द्रता, परिलक्षित, क्लेशाच्छादित, मुखच्छवि, अन्तर्यामी, सामञ्जस्य, उद्विग्न आदि तत्सम शब्दहरूको प्रयोग गरिएको छ । त्यसैगरी आासु, भिख, हाासो, एक्लै, बुढेसकाल, नाउा, भाइ, दिउासो, जिन्दगी आदि तद्भव शब्दहरूको प्रयोग गरिएको छ भने बहाल, मिनेट, अक्सिजन, लुट, इन्टेन्सनल, इन्टरेष्ट, ट्याक्सी, गुलामी, मोटर, ट्याक्सी, सुटकेस आदि आगन्तुक शब्दहरूको प्रयोग भएको छ । त्यसैगरी तरखर, दैलो, धान्न, दगुर्छन्, सोझै, मनाएर, पर्सि, निपर्सि, टाउको, भरपेट, ओर्ली, मालिक्याइा, विहार, सम्चार, अट्टहास, ओर्ली, उहाा जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको छ । विभिन्न आलङ्कारिक शब्दहरूको प्रयोग गरिएकाले पनि भाषा बुझ्न नसकिने खालको बनेको छ । वाक्य गठनका दृष्टिले सरलभन्दा संयुक्त र मिश्र वाक्यहरूको प्रयोग गरिएको छ । विभिन्न अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषामा कलात्मकता, लयात्मकताको साथै मधुरता थपिएको महसुस हुन्छ ।

### ५.१.७ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'भालुका बच्चा : मानिसका बच्चा' कथा

उक्त कथामा अरू पात्रहरूको अन्तर्मनको विश्लेषण लेखक स्वयं अथवा म पात्रले नै गरेकाले कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको मान्न सकिन्छ । कथामा पात्रहरूको चिनारी र उनीहरूको आन्तरिक मनको विश्लेषण पनि म पात्रले नै गरेको छ । भालुनीको शिकार गरेपछि बाबामा देखिएको आर्द्रता, पश्चाताप मानवीय करूणाको प्रबलता, अनुहारमा देखिएको परिवर्तनको विश्लेषण अनि आफ्नी आमाको मृत्युपछि संरक्षणविहीन

बनेको शिशुले बोलेको अमुक भाषाको विश्लेषण पनि म पात्रले नै गरेकाले यस कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको कुरा स्वतः प्रमाणित हुन्छ ।

उक्त कथामा नेपालको तराईका मानिसहरूले बोल्ने सामान्य भाषको प्रयोग गरिएको छ । मांस-भक्षण, शिशु, पुत्र, प्रवीण, व्यञ्जन, जल, भाव, बुद्ध, संयम, निश्चय, अन्ततः, चरितार्थ, भय-त्वरित, स्वर, करूण, मर्माघात, पश्चाताप, निःशेष, वृत्त, बाहृय, अमूक, मूक, अवश्यमेव, कदाचित्, सन्त आदि तत्सम शब्दहरूको प्रयोग गरिएको छ । पिठ्युा, दूध, हाासो, मीठो, एक्लै, खेल, हाासो, मासु, बूढा, शिकार, दिउासो, जिउ, धूवाा, आड, राता, आासु, जुक्ति सााभm आदि जस्ता तद्भव शब्दहरूको प्रयोग गरिएको छ भने व्यारिष्टर, ओभरसियर, वाइटिङ्ग, फायरिङ, जङ्गल, राइफल, कारतुष, बोल्ट, चार्ज, बोर, जिसर्न, मेरा, बुलेट, मारा बह आदि आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । त्यसैगरी बटुलिएर, एकताका, जोरजाम, ओर्ली, जम्काभेट, हावैबाट, उछिट्टिएर, सुम्सुम्यायो, थुतुनो, भालुनी, ठक्कर, मधिसे, थचक्क, बदेल्नी, बघिनी, पुक्क जस्ता भmर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । वाक्य गठनका दृष्टिले सरलभन्दा मिश्र र संयुक्त वाक्यहरूको प्रयोग बढी भए पनि भाषा जटिल छैन । ठाउाठाउामा प्रयोग गरिएका उखान टुक्का र अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषामा कलात्मकता र मधुरता ल्याएको छ ।

### ५.१.८ दृष्टिबिन्दु तथा भाषाशैलीका दृष्टिले 'नयाा इतिहासको प्रारम्भ' कथा

उक्त कथामा अन्य पात्रहरू रहे पनि कथाकारले प्रभावको मानसिकताको चित्रण सूक्ष्म रूपमा गरेका छन् । कथानक प्रभाकै जीवनमा आएका उतार-चढावहरूमा केन्द्रित छ । सम्पूर्ण कथा प्रभाकै सेरोफेरोमा घुमेकाले यहाा बाहृय सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । प्रभाका माध्यमबाट युवाहरू स्वतन्त्रताका लागि कसरी लागेका हुन्छन्, परिवारबाट सहयोग नहुादा पनि कसरी आन्दोलनमा होमिन्छन् भन्ने स्पष्ट पारिएको छ । त्यसैगरी आफूले परिवर्तनको समर्थन गर्दागर्दै पनि आफ्नो पतिको हत्या हुनु, गाउामा कााग्रेसी सैनिकहरूले लुटपाट गर्नु युवतीहरूको कुमारित्व लुटिनु गाउालेहरूको हत्या भएपछि प्रभामा आन्दोलन प्रति वितृष्णा र शासकहरूप्रति घृणा भाव उत्पन्न हुनु । आन्दोलन विरोधीहरू पक्राउ परेर मन्त्रीकै आदेशमा छुटेको कुराले प्रभा आश्चर्य चकित हुन्छे । शासकको शासन गर्ने प्रणालीका बारेमा स्पष्ट्याउन प्रभालाई नै माध्यम बनाइएको छ । कथामा शुरू देखि अन्त्यसम्म प्रभाकै उपस्थिति रहकाले बाहृय सीमित दृष्टिबिन्दुको प्रयोग भएको कुरा स्वत : प्रमाणित हुन्छ ।

उक्त कथामा प्रयोग गरिएको भाषा सरल नभएर जटिल छ । नेपालको तराईभेगमा बोलिने भाषाको प्रभाव यस कथामा परेका छ । श्रद्धा, कार्य, रक्त, पवित्र, गर्ब, मध्यवित्त, नर-बलि, अज्ञात, निक्षेप, कष्ट, अर्ध्य, पुण्य, सामर्थ्य, उर्द्धवाक्य, कदाचित्, मूक, उत्सव, वस्त्र, संस्कार, श्रृङ्गार, सन्तोष, अर्द्धचेतन, पुनः आदि तत्सम शब्दहरूको प्रयोग गरिएको छ । त्यसैगरी, दिउासो, जवानी, आाखा, घााटी, नरम, आहार, जिउ, बूढा, देउता, सााझ, नाउा, जात्रा, अचेल आदि तद्भव शब्दहरूको प्रयोग पनि गरिएको छ । त्यस्तै गवर्नर, पकड, रेडियो, लिया, आजाद, बैट्रीसेट, संभाल, कायम, दी, सलाम, अफिसर, पल्टन, डााकु, होममिनिस्टर, ट्रक, शूट, आजादी, क्याम्प, सिजफायर, म्येसिनगन, मोटर, कहानी आदि आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । छोरो, जाबो, गोठाले जम्मै सुध्रोस्, सुविस्ता, ओछ्यान, निस्फिक्री, चट्याक्क, बोकी, पुर्पुरो, बोलाइ, भतभत, सास, नतिरी, थला, लोग्ने, छउञ्जेल, दगुऱ्यो, आदि झर्रा नेपाल शब्दहरूको प्रयोग कथामा गरिएको छ । उखान टुक्का र अनुकरणात्मक शब्दहरूको प्रयोग, संवेदनशीलता आदिले कथाको भाव र शैली आकर्षक बनेको छ । वाक्य गठनका दृष्टिले संयुक्त र मिश्र वाक्यको प्रयोग बढी भएको छ । प्रश्नवाचक वाक्य अधिक प्रयोग भएको छ । भाषामा कलात्मकता र मधुरता भेटिन्छ ।

**तालिका नं. - ५**

## ५.२ 'अवान्तर' कथा सङ्ग्रहका कथाहरूको दृष्टिबिन्दु तथा भाषाशैलीगत तालिका

| क.सं. | कथा | दृष्टिबिन्दु | भाषाशैली |
|---|---|---|---|
| १. | एउटा छर्लङ्ग प्रेम कथा | तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग (तीन पात्रको उपस्थितिमा उनीहरूकै माध्यमबाट कथा अघि बढेको) | सामान्य जनजीवनमा बोलिने सरल भाषाको प्रयोग |
| २. | एक पैसा | प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग (म पात्र स्वयं उपस्थित भई अन्य पात्रको जीवनस्तरको बारेमा चर्चा गरेका) | दुःखी माग्ने मानिसहरूले प्रयोग गर्ने मार्मिक एवं सरल भाषाशैलीको प्रयोग |
| ३. | भ्रष्ट यज्ञ | तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग (तृतीय पुरुष पात्रहरूको सिर्जना गरी कथा वस्तु अघि बढाइएको) | सामान्य मानिसले बुझ्ने खालको नभई जटिल भाषाको प्रयोग |
| ४. | ईश्वर खुदा गडका कान | तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग तृतीय पुरुष पात्रको माध्यमबाट कथा वस्तु अघि बढेको | यस कथामा प्रयोग गरिएको भाषा सरल नभएर जटिल संस्कृत मूलका तत्सम शब्दहरू र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । |
| ५. | पाइप | तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग तृतीय पुरुष पात्रहरू खडा गरी | साधारण मानिसले बुझ्ने र बोल्ने खालको सरल भाषा वस्तुको प्रयोग |

| क.सं. | कथा | दृष्टिबिन्दु | भाषाशैली |
|---|---|---|---|
| | | कथावस्तु अघि बढेको | गरिएको छ । |
| ६. | ज्ञात भए जति | प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग (कथाको शुरूदेखि अन्त्यसम्म म पात्रको उपस्थितिमा कथावस्तु अघि बढेको) | कथाको भाषा क्लिष्ट एवं जटिल रहेको सामान्य मानिसले बोल्ने र बुझ्ने खालको नभएको |
| ७. | भालुका बच्चा : मानिसका बच्चा | प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग (कथामा अन्य पात्रहरूको अन्तर्मनको विश्लेषण म पात्रले नै गरेको) | तराईमा बोलिने सामान्य मानिसहरूले समेत बुझ्ने सरल भाषा शैलीको प्रयोग |
| ८. | नयाा इतिहासको प्रारम्भ | तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग (तृतीय पुरुष पात्रहरूको उपस्थितिमा कथानक अघि बढेको) | तराइमा बोलिने कठिन भाषाशैलीको प्रयोग |

## ५.३ निष्कर्ष

भवानी भिक्षुको चारवटा कथा सङ्ग्रहमध्ये अवान्तर (२०३४) चौथो कथा सङ्ग्रह हो । अवान्तर कथा सङ्ग्रहमा रहेको ८ वटा कथाहरूमध्ये 'एउटा छर्लङ्ग प्रेम कथा', 'भ्रष्ट यज्ञ', 'ईश्वर खुदा गााडका कान', 'पाइप' र 'नयाा इतिहासको प्रारम्भ' कथाहरूमा पात्रहरू खडा गरी उनीहरूकै माध्यबाट कथा अघि बढेकाले उक्त कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । त्यसैगरी 'ज्ञात भएजति', भालुका बच्चा : मानिसका बच्चा र एक पैसा कथाहरूमा म पात्र स्वयं उपस्थित भएर अन्य पात्रको जीवनस्तरका बारेमा चर्चा गरी कथानक अघि बढाइएकाले त्यहाा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ। त्यसैगरी अवान्तर सङ्ग्रहका कथाहरूमा तत्सम र आगन्तुक शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ । आगन्तुक र तत्सम शब्दहरूको प्रयोगले कथाको भाषा जटिल बनेको छ । त्यस्तै प्रतीक र बिम्ब एवं उखान टुक्काहरूको प्रयोगले भाषामा मिठास ल्याए पनि सामान्य पाठकले त्यसको अर्थ बुझ्न नसक्ने भएकाले भाषा क्लिष्ट र जटिल बनेको छ भन्न सकिन्छ ।

# छैटौा - परिच्छेद
# उपसंहार

वि.सं. १९६६ साल जेष्ठ २१ गते जन्मेर वि.सं. २०३८ साल वैशाख ४ गते यस सुन्दर धर्तीबाट भौतिक रूपमा बिदा भएका भवानी भिक्षु नेपाली साहित्यका एक विशिष्ट प्रतिभा हुन् । उनले उपन्यास, कविता, निबन्ध एकाङ्की आदि धेरै विधामा कलम चलाए

पनि उनलाई चर्चाको शिखरमा पुऱ्याउने विधा चाहिं कथा नै हो । वि.सं. १९९५ मा मानव कथा लिएर साहित्य यात्रामा निस्केका भिक्षुले यात्रा अवधिमा जम्मा ४७ वटा कथाहरू लेखेको पाइन्छ । ती कथाहरू  चार वटा कथा सङ्ग्रहमा सङ्ग्रहित छन् । उनको पहिलो कथा 'मानव' (१९९५) हो भने अन्तिम कथा स्वार्पण (२०३४) हो ।

'अवान्तर' कथा सङ्ग्रह भिक्षुको समग्र साहित्य यात्राको आठौं कृति हो । कथा सङ्ग्रहभित्र ८ वटा कथाहरू अटाएका छन् भने उनको एक मात्र एकाङ्की 'पर्दा पछाडि' पनि अवान्तरमा समाविष्ट छ ।

'एउटा छर्लङ्ग प्रेमकथा' मा तिब्बती समाजमा प्रचिलत, बहुविवाह, प्रेम, स्वतन्त्रता र पर-पुरुष सम्बन्धलाई सामान्य र स्वभाविक रूपमा लिई त्यहााको सामाजिक र सााँस्कृतिक पक्षको चित्रण गरिएको छ । तिब्बती सरकारको यौन स्वच्छन्दताको कथाभित्र जहाासुकै पनि मानव मन एउटै हुन्छ भन्ने शाश्वत तथ्य झल्काइएको छ । 'एक पैसा' कथामा गरिब, दुःखी मगन्ते नेपालीहरूको एक पैसाको जीवनारम्भ र एक पैसाकै जीवनान्तको यथार्थ चित्रण गरिएको छ । प्रसव पछि गर्नुपर्ने आराम र खानपान नपाएकी जीर्ण शरीर भएकी गरिब आइमाईको चित्रण उक्त कथामा गरिएको छ । 'भ्रष्ट यज्ञ' कथामा साहित्यको नाममा समाजमा विकृति फैलाउनेहरूप्रति व्यङ्ग्य गरिएको छ । साहित्यलाई पैसा मोजमज्जा, आइमाई र एक अर्कासागको जुधाइ मान्ने म्यानेजरी प्रवृत्तिको चित्रण गरिएको छ । आर्थिक विपन्नता र अभावका कारण मानिसहरूले जसरी भए पनि सम्पत्ति कमाउनतिर लागेको यथार्थ चित्रण कथामा गरिएको छ । 'ईश्वर खुदा गााडका कान' कथा बालमनोविज्ञानमा आधारित कथा हो । बाल मनोविज्ञानको उद्घाटन गर्ने क्रमा क्रान्तियुगको सामाजिक तथा प्रशासनिक पर्यावरणको चित्रण गरिएको छ । क्रान्तिका कारण आफ्ना बुबा-आमा गुमाइसकेका अबोध बालकको जीवनमा आइपरेका कठिनाइ, बाध्यता र निरीहपनको साझेदार कोही नपाउादा उसले अन्त्यमा यस धर्तीबाट बिदा लिनु बाहेक अर्को अवस्था नभएको मनोवैज्ञानिक स्थितिको वर्णन गरिएको छ । 'पाइप' शिष्ट यौन मनोविज्ञानमा आधारित कथा हो । यस कथामा यौनको नग्नरूपमा चित्रण गरिएको छैन युवती किन र कसरी शरीर बेच्न बाध्य भई भन्ने कुरा देखाइएको छ । सामाजिक, आर्थिक एवं सांस्कृतिक कारणले आफू बेश्या बने पनि युवतीमा कुनै पश्चाताप छैन । पुरुषहरूले आफूलाई भोगेको नभई आफूले उनीहरूको उपयोग गरी उनीहरूमाथि विजय प्राप्त गरेको कुरालाई छर्लङ्ग पारिएको छ । युवतीले वेश्यावृत्तिमा लागेर उच्च शिक्षा हासिल गर्ने र आफ्नो पारिवारिक खर्च चलाउने पैसा जुटाएकी छे । 'ज्ञात भए जति' कथा अस्तित्त्ववादको रूचि भएको

उत्कृष्ट कथा हो । कथामा सामान्य पारिवारिक मनमुटाबका कारण विछोडिएका पति पत्नीको दुःख, व्यथा, पीडा र विवशतालाई विषयवस्तु बनाइएको छ । आफ्नो अस्तित्त्व बचाउन घर फर्कन नचाहने श्रीमती र अहम् भावनाका कारण अर्को विवाह गर्ने श्रीमान् बीचको द्वन्द्वलाई कथामा छर्लङ्ग पारिएको छ । 'भालुका बच्चा : मानिसका बच्चा' शिकार कथा हो । यस कथामा भालुनीको शिकार पछि बाबा र म पात्रका मनमा रहेको कुण्ठित भावनाहरूको विश्लेषण मनोवैज्ञानिक रूपमा गरिएको छ । पशु शिशुको कुनै ख्याल नगरी पशु बच्चाको आमाको शिकार गरेको र शिकारपछि शिकारीहरूमा देखिएको पश्चातापलाई स्पष्ट पारिएको छ । 'नयाा इतिहासको प्रारम्भ' कथामा २००७ सालको राणा शासन विरूद्ध नेपाली जनताले थालेको राजनीतिक क्रान्ति र क्रान्तिको सफलतापछि पनि देशमा लुटपाट, बलात्कार, हत्या हिंसा बढी, जनताको आशा निराशामा बदलिएको कुरालाई स्पष्ट पारिएको छ ।

यसरी 'अवान्तर' कथा सङ्ग्रहमा निम्न मध्य वर्गीय परिवारको कथा, व्यथा र बाध्यताको यथार्थ चित्रण गरिएको छ । समाजमा रहेका विविध विषयवस्तु र सामाजिक जीवनको विभिन्न व्यवहारिक परिवेशलाई उठान गरिएको छ । मानवीय समस्याले समाज माथि उठ्न नसकेको र सामाजिक, आर्थिक, नैतिक, राजनैतिक, धार्मिक एवं सांस्कृतिक विकृति र विसंगतिप्रति व्यङ्ग्य गर्दै समाजलाई सुधारको बाटोतिर अग्रसर गराउने कोशिस कथा सङ्ग्रहमा गरिएको छ । विविध विषयवस्तु एवं मनोदशाको चित्रण, शिष्ट एवं शालीन यौन मनोविज्ञानको साथै बाल मनोविज्ञानको प्रयोग पनि कथा सङ्ग्रहमा गरिएको छ । मानव मनको गााठो नफुकी भित्रभित्रै गुम्सेर बसेको कुण्ठित भावनालाई पनि कथामा प्रस्तुत गरिएको छ । मानवीय अस्तित्त्वबोधको चित्रण गर्दै देशको संक्रमणकालीन राजनीतिक परिवशेलाई पनि उजागर पारिएको छ ।

समाज र राष्ट्रमा रहेको विसंगति र विकृतिले हाम्रो समाज र राष्ट्र तलतिर भासिएको कुरा औंल्याउादै, समाज र राष्ट्रलाई सुधारको बाटोतिर लैजानुपर्ने संकेत भिक्षुले 'अवान्तर' कथा सङ्ग्रहमा गरेका छन् ।

नेपाली समाजमा व्याप्त विकृतिलाई जरैदेखि उखेलेर फले मात्र समाज सभ्य बन्ने र सभ्य समाजको निर्माण गर्न सके मात्र राष्ट्र समुन्नत र सम्पन्न बन्ने कल्पना भिक्षुले 'अवान्तर' सङ्ग्रहमा गरेका छन् । सभ्य समाज र विकसित राष्ट्रको सुन्दर मुहार हुर्ने कल्पना गरेका भिक्षुले मानवीय समस्या, भ्रष्टाचार, यौन, बलात्कार, लुटपाट, अन्धपरम्परा, गरिबी एवं विपन्नता नारीमाथिको हेपाइ प्रवृत्ति र राजनैतिक अपचलनको छिट्टै अन्त्य हुनुपर्ने

कुरा ‘अवान्तर’ कथा सङ्ग्रहको माध्यमबाट स्पष्ट पारेका छन् । भिक्षु समाज र राष्ट्रलाई सुधारको मार्गतिर डोऱ्याउने स्रष्टाको रूपमा यस सङ्ग्रहमा देखिन्छन् ।

भिक्षुको कथायात्राको चौथो एवं अन्तिम चरणको कथा सङ्ग्रह अवान्तरमा ‘नयाा इतिहासको प्रारम्भ’ कथाबाहेक सबै चौथो चरणमा लेखिएका कथाहरू समावेश छन् । यस अधिका कथासङ्ग्रहमा रहेका कमीकमजोरीहरू यसमा हराएका छन् । शैली शिल्प भाषागत परिष्कार, बिम्व, प्रतीक, कलात्मकता, बौद्धिक विश्लेषण एवं सम्वेदनशीलताले कथासङ्ग्रह सिंगारिएको छ ।

यस संङ्ग्रहमा विपन्नता र अभावका कारण मानिसहरूले जसरी भए पनि धन प्राप्त गर्न देखाएको आतुरताको चित्रण राजनीतिक बेइमानीले देश बर्बाद भएको प्रति तीखो व्यङ्ग्य प्रहार, यौन, प्रेम, रतिरागजन्य अवस्था स्वभाविक प्रक्रिया मान्दै त्यसको विशष्टि प्रयोग सामाजिक, जनजीवनको बहुआयमिक एवं व्यवहारिक पक्षमा फराकिलो दृष्टिकोण राखी समाज रूपान्तरणको कल्पना पनि गरिएको छ । त्यसैगरी समकालीन सहरिया र ग्रामीण वातावरण जैविक मनोवैज्ञानिक अन्तर्गत सम्बन्धी सामग्रीले पनि यस सङ्ग्रहमा स्थान पाएको छ । विषयवस्तुगत चयन प्रस्तुतीकरण र भाषाशैलीका दृष्टिले भिक्षुको कथाकारिता अन्य सङ्ग्रहको तुलनामा अवान्तर सङ्ग्रहमा बढी मुखरित र प्रस्फुटित भएको पाइन्छ ।

यस सङ्ग्रहका कथाहरूको ढाचा रैखिक रहेको छ । कथामा पात्रानुकूल सरल भाषाको प्रयोग गरिएको छ । उनका सबै कथाहरू सामाजिक जनजीवनका लागि प्रेरणादायी व्यवहारिक र सन्देशपूर्ण छन् । वर्ग पात्रहरू बढी रहेकाले वर्गीय भवनाबाट कथाहरूमा चरित्रचित्रण गरिएको छ ।

शैली शील्पीका दृष्टिले सबै कथाहरू उत्कृष्ट छन् । कालीगढले विभिन्न कला र बुट्टा कुदेर भौतिक संरचनाको सुन्दर कलाकौशल प्रस्तुत गरेजस्तै भाषामा माधुर्यता, विम्व, प्रतीक आदि कलात्मकताले सिागारेर भिक्षुले कथालाइ सुन्दर नमुनाको रूपमा यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । अन्य सङ्ग्रहमा भन्दा यसमा भाषिक निखारिता बढी देखिन्छ ।

# सन्दर्भ सामग्री सूची

**पुस्तकहरू**


गौतम, देवी प्रसाद. ***नेपाली कथा***. काठमाडौंः नवीन प्रकाशन. २०५४ ।

जोशी, कुमार बहादुर. ***पाश्चात्य साहित्यका प्रमुखबाद***. तेस्रो संस्क. काठमाडौं : साझा प्रकाशन. २०३९ ।

त्रिपाठी, बासुदेव. ***पाश्चात्य समालोचनाका सैद्धान्तिक परम्परा***.दोस्रो संस्क. काठमाडौं : साझा प्रकाशन .२०३६ ।

थापा, हिमांशु. ***साहित्य परिचय***. चौथो संस्क. काठमाडौं : साझा प्रकाशन. २०५३ ।

दाहाल, रामप्रसाद. ***सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय***. पहिलो संस्क. काठमाडौं : साझा प्रकाशन. २०५४ ।

देवकोटा, काशिराम. ***विश्वेश्वरप्रसाद कोइरालाको कथा र उपन्यासको विश्लेषण***. प्रथम संस्क. काठमाडौं : लुम्बिनी प्रकाशन. २०६५ ।

पन्थी, भाउ. (संयो.–सम्पा.) ***भवानी भिक्षु : कृतित्त्व र व्याक्तित्व.*** काठमाडौं : ने.प्र.प्र. २०६७ ।

बराल, ईश्वर. ***झ्यालबाट.*** छैटौ संस्क. काठमाडौं : साझा-प्रकाशन. २०५३ ।

बराल, ईश्वर. ***आख्यानको उद्‌भव.*** दोस्रो संस्क. काठमाडौं : साझा प्रकाशन. २०५८ ।

भट्टराई, घटराज. ***प्रतिभै प्रतिभा र नेपाली साहित्य***. काठमाडौं : नेशनल रिसर्च एसोसिएटस्. २०४० ।

भिक्षु, भवानी. ***गुनकेसरी.*** काठमाडौंः नेपाल एकेडेमिक. २०१७ ।

***आवर्त.*** तेस्रो संस्क. काठमाडौं : साझा प्रकाशन. २०२८ ।

***अवान्तर***. काठमाडौं : साझा प्रकाशन. २०३४ ।

शर्मा, मोहनराज. ***नेपाली साहित्यको संक्षिप्त इतिहास.*** पाचौं संस्क. काठमाडौं : साझा प्रकाशन. २०५६ ।

शर्मा, मोहनराज.***कथाको विकास प्रक्रिया***. तेस्रो संस्क. काठमाडौं : साझा प्रकाशन. २०५६ ।

श्रेष्ठ, दयाराम. ***पच्चीस वर्षको नेपाली कथा***. प्रथम संस्क. काठमाडौं : ने.रा.प्र.प्र. २०३९ ।

श्रेष्ठ, दयाराम. ***नेपाली कथा भाग-४.*** काठमाडौं : साझा प्रकाशन. २०५७ ।

श्रेष्ठ, दयाराम. 'भवानी भिक्षु : सघन कथाका अभियन्ता'.***भवानी भिक्षु : कृतित्त्व र व्यात्कित्व.*** काठमाडौं : ने.प्र.प्र. २०६७ ।

**पत्रिकाहरू**

अधिकारी, अच्युतरमण. 'कथाकार भवानी भिक्षुको एक मार्मिक दृष्टिकोण' **उन्नयन.** वर्ष ३, अङ्क १०,२०४९. पृ. ४५४-४६१ ।

अर्याल, दुर्गाप्रसाद. 'भवानी भिक्षुको कथात्मक पृष्ठभूमि र मूल प्रवृति'. **उन्नयन.**वर्ष ३, अङ्क १०,२०४९. पृ. १२४-१३० ।

खड्का, (पाण्डे) ज्योति. 'भवानी भिक्षुको कथाकारिता र माधुरी नानी कथाको संक्षिप्त विवेचना'. **उन्नयन.** वर्ष ३, अङ्क १०, २०४९. पृ. १०१-११२ ।

गौतम, रामचन्द्र. 'भिक्षुको सुन्दर फूलबारीमा डुल्दा'. **उन्नयन.**वर्ष ३, अङ्क १०, २०४९. पृ. ९२- १०० ।

घिमिरे, रघु. 'शारदामा अङ्कित कथाकार भिक्षु'. **उन्नयन.**वर्ष ३, अङ्क १०,२०४९. पृ. २६७-२७० ।

चापागाईं, नरेन्द्र.'भिक्षुको कथाकारिता'. **उन्नयन.**वर्ष ३, अङ्क १०,२०४९.पृ. ११-२३ ।

त्रिपाठी, वासुदेव. 'भवानी भिक्षुको समाष्टि कथायात्रा एक रेखाङ्कन'. **उन्नयन**. वर्ष ३,अङ्क १०, २०४९. पृ. ३४६-४५३ ।

नेपाल, (यात्री) पूर्णप्रकाश. 'कथाकार भवानी भिक्षु र त्यो फेरि फर्कला कथामाथि विहङ्गम दृष्टि'. **उन्नयन**.वर्ष ३,अङ्क १०,२०४९.पृ. ५९-७४ ।

न्यौपाने, हरिभक्त. 'कथाकार भवानी भिक्षुको एक मार्मिक दृष्टिकोण'. **उन्नयन**.वर्ष ३, अङ्क १०,२०४९.पृ.१७७-१८१ ।

पाठक, जया. ''भिक्षुको कथाकारिता र 'हारजित' कथामा प्रतिविम्बित तराइ समाज''. **उन्नयन**.वर्ष ३,अङ्क १०,२०४९.पृ. ११३-११८ ।

पोखरेल, भानुभक्त. 'मेरा दृष्टिमा भवानी भिक्षु'. **उन्नयन**.वर्ष ३,अङ्क १०,२०४९.पृ. ७७-८०।

बराल, ईश्वर. 'भिक्षुका प्रेमकथाको प्रकृति औ परिणति'. **उन्नयन**.वर्ष ३,अङ्क १०,२०४९.पृ.३२९-३४५ ।

भण्डारी, गोपालप्रसाद. 'भैरहवादेखि गोटिहवासम्म'. **उन्नयन**.वर्ष ३, अङ्क १०,२०४९.पृ. २८-३८ ।

रिमाल, 'यात्री' बासु.'भवानी भिक्षुका केही कथा एक चिन्तन'. **उन्नयन**. वर्ष ३, अङ्क १०, २०४९.पृ. २०८-२११ ।

शर्मा, देवी. 'जीवनका अन्तरङ्गभित्रमा भवानी भिक्षु'. **उन्नयन**. वर्ष ३, अङ्क १०,२०४९.पृ.२५८-२६६ ।

शर्मा, मोहनराज. . 'पाइपमा पात्र बुनोट समकालीन समालोचना'. **उन्नयन**. वर्ष ३,अङ्क १०,२०४९.पृ. ३० ।

सिटौला, मोहन. 'कथाकार भिक्षु र उनको माउजङ बाबुसाहेबको कोट'. **उन्नयन**.वर्ष ३, अङ्क १०,२०४९.पृ.२९७-३११ ।

सुवेदी, राजेन्द्र. 'शास्वत यथार्थको कथा भिक्षुको नयां इतिहासको प्रारम्भ'.**उन्नयन**.वर्ष ३, अङ्क १०,२०४९.पृ. ३०-३२ ।

**शोधपत्रहरू**

गौतम, शालिकराम. **'अवान्तर कथा सङ्ग्रहको कृतिपरक अध्ययन'**. अप्रकाशित शोधपत्र. काठमाडौं : त्रिभुवन विश्वविद्यालय. २०६४ ।

घिमिरे, तुलसी. **कथाकार भवानी भिक्षुका कथाको विश्लेषण**. अप्रकाशित शोधपत्र. काठमाडौं : त्रिभुवन विश्वविद्यालय. २०३४ ।

पौडेल, तेज प्रसाद. **उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौं : त्रिभुवन विश्वविद्यालय. २०४९ ।

भण्डारी, गोपालप्रसाद. **भवानी भिक्षुका कथामा मनोविज्ञान.** अप्रकाशित शोधप्रबन्ध. काठमाडौं : त्रिभुवन विश्वविद्यालय. २०५१ ।